# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल

## २४ औं वार्षिक साधारणसभा

१७ असोज २०७६ काठमाडौं



# वार्षिक प्रगति प्रतिवेदन

## २०७५/०७६

# कार्यसमिति (२०७५-०७७)



खेमराज रेग्मी (अध्यक्ष)



सविता भण्डारी बराल (उपाध्यक्ष)



मुकुन्द बहादुर प्रधान (महासचिव)



किरण थापा (कोषाध्यक्ष)



सुरेन्द्र वीर मालाकार (का. सदस्य)



बुद्धि नारायण श्रेष्ठ (का.सदस्य)



कृष्ण ज्ञवाली (का. सदस्य)



आर्या श्रेष्ठ (का. सदस्य)



सीताराम अग्रहरी (का. सदस्य)

---

उपस्थिति



आशिष थापा, कार्यकारी निर्देशक

## ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल

**ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल** जीवनका हरेक वृत्तमा सार्वजनिक जवाफदेहिता बढाउन र भ्रष्टाचार नियन्त्रण गर्न प्रतिवद्ध छ । पद, शक्ति तथा विश्वासलाई व्यक्तिगत अथवा निजी लाभका लागि दुरुपयोग गर्नु भ्रष्टाचार हो ।

**दूरदृष्टि (Vision)**
नेपाललाई भ्रष्टाचारमुक्त बनाउन पारदर्शी तथा जवाफदेही समाजको निर्माण गर्ने ।

**उद्देश्य (Mission)**
सदाचार स्थापना र भ्रष्टाचार नियन्त्रणका लागि पहल गर्ने, लागि पर्ने र प्रवर्द्धन गर्ने ।

**लक्ष्य (Goals)**

- सदाचार तथा नैतिक मूल्य बढाउने ।
- भ्रष्टाचार विरुद्ध सहकार्य गर्ने ।
- संस्थालाई विश्वसनीय तथा दीगो बनाउने ।

**मूल्य-मान्यता**

- पारदर्शिता, जवाफदेहिता, सदाचार, न्याय र समता, साहस, ऐक्यवद्धता, लोकतन्त्र, सम्मान र स्वाभिमान ।

### सङ्गठनात्मक संरचना

#### साधारणसभा

टीआई नेपालका सबै सदस्य सम्मिलित सभा नै साधारण सभा हो; जसको अध्यक्षता अध्यक्षले गर्दछन् । यो टीआई नेपाल सञ्चालन गर्ने सर्वोच्च निकाय हो । साधारणसभाले अध्यक्ष तथा कार्यसमितिका सदस्यहरू निर्वाचन गर्ने, नीतिगत मामिलामा कार्यसमितिलाई आवश्यक निर्देशन दिने र वार्षिक तथा आर्थिक प्रतिवेदनहरू पारित गर्ने काम गर्दछ ।

#### कार्यसमिति

कार्यसमितिमा हरेक दुई वर्षका लागि निर्वाचित हुने नौजना सदस्यहरू रहन्छन्, जसको अध्यक्षता अध्यक्षले गर्दछन् । कार्यसमितिले नीतिगत मार्ग-निर्देशन जारी गर्ने, कार्ययोजनाको तर्जुमा/कार्यान्वयन गर्ने तथा कार्ययोजना/कार्यक्रमको अनुगमन गर्ने काम गर्दछ । कार्यसमिति तथा सचिवालयको समन्वय गर्ने जिम्मेवारी महासचिवमा रहेको छ ।

#### व्यवस्थापन उपसमिति

व्यवस्थापन उपसमितिले संस्थाका काम/कारबाहीहरूको कार्यान्वयन गर्ने काम गर्दछ। यस उपसमितिमा अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष तथा कार्यकारी निर्देशक रहने व्यवस्था छ ।

#### सचिवालय

कार्यसमिति तथा व्यवस्थापन उपसमितिद्वारा पारित साङ्गठनिक कार्ययोजना, कार्यक्रम तथा परियोजनाहरूको कार्यान्वयनका लागि सचिवालय जिम्मेवार रहने गरेको छ, जसको नेतृत्व कार्यकारी निर्देशकले गर्दछन् ।

#### जिल्ला सम्पर्क कार्यालय

टीआई नेपालद्वारा हाल भूकम्पबाट अति-प्रभावित जिल्लाहरूमध्ये काठमाडौं, भक्तपुर र ललितपुरको काठमाडौं उपत्यकामा र अन्य ११ वटा जिल्लामा सम्पर्क कार्यालय सञ्चालन गरिएको छ ।

**आवद्ध संस्था**

नेपालका १८ जिल्लामा १९ वटा स्थानीय गैरसरकारी संस्थाहरू हाल टीआई नेपालसँग आवद्ध रही सदाचार प्रवर्द्धनको अभियानमा सक्रिय रहेका छन् ।

**रणनीतिक योजना**




टीआई नेपालको रणनीतिक योजना २०१८–२०२२ ले निम्नलिखित मुख्य चार दिशालाई मार्गचित्र बनाएको छ ।

(१) पैरवी तथा पहल ।
(२) रोकथाम, कार्यान्वयन तथा निष्पक्षता ।
(३) आम-नागरिकको संलग्नता ।
(४) समुदाय, संस्था तथा साझेदारहरू ।

**रणनीतिक दिशा १: वकालत तथा पहल**

**प्राथमिकता**

- राज्यका निकायहरूको जवाफदेहिता सुनिश्चित गर्न विधायिकी पहलका लागि थप उपायहरू खोज्ने र सुझाउने ।
- सार्वजनिक सदाचार, विशेषगरी दण्डहीनताको बढ्दो अवस्थासँग सम्बन्धित विषयलाई ध्यान दिँदै कार्यकारीलाई मुख्य प्रस्थानविन्दु ठानेर पहल गर्ने ।
- न्यायिक प्रणालीको पारदर्शिता तथा जवाफदेहितालाई राज्यका अरू अंगकै सरहमा ल्याउने ।
- राजनीतिक दलको आर्थिक कार्यप्रणालीको पारदर्शिता र जवाफदेहिताका लागि विशेष पहल गर्ने ।
- सार्वजनिक कोषजस्तै वैदेशिक सहायताको पनि प्रवाह र प्रयोगमा पारदर्शिताका लागि वकालत र पहल गर्ने ।
- विद्यालय पाठ्यक्रममा भ्रष्टाचारविरुद्धको सिकाई र मान्यतालाई समावेश गर्न दवाब दिने ।
- सरकारी पदाधिकारीमा सदाचार अभिवृद्धि गर्न आचारसंहिता र स्वार्थको द्वन्द्वको खोजी र अनुगमन गर्ने ।
- नीजि क्षेत्रमा पारदर्शिता र जवाफदेहिताका लागि पैरवी तथा पहल गर्ने ।

**रणनीतिक दिशा २ : निवारण, कार्यान्वयन तथा निष्पक्षता**

**प्राथमिकता**

- भ्रष्टाचारविरुद्ध विशेष मापदण्डको कार्यान्वयनलाई प्राथमिकीकरण गर्ने, सुझाव दिने र निरीक्षण गर्ने ।
- सरकारलाई नीति तथा विधायिकी सुधार, निरीक्षण विधि र मापदण्डका लागि सुझाव दिने ।
- अदालतहरूको न्यायिक प्रवाहमा निष्पक्षता सुनिश्चित गर्न न्यायिक मुद्दाहरूको अध्ययन गर्ने ।
- संघीय, प्रादेशिक र स्थानीय सरकारका सरोकारवाला संस्थासँग संलग्न हुने ।
- भ्रष्टाचार विरोधी अभियानमा समान उद्देश्यले काम गर्ने राज्यका निकायहरू र संसदीय समितिसँग कार्यगत सम्बन्ध स्थापित गर्ने ।
- सम्बन्धित पक्षहरूसँग राष्ट्रियस्तरको सहकार्य गर्दै राज्यका कार्यकलापमा निष्पक्षताका लागि सुझाव दिने ।

**रणनीतिक दिशा ३ : आम-नागरिकको संलग्नता**

- नागरिकहरूलाई केन्द्रविन्दुमा राखी भ्रष्टाचारविरोधी सार्वजनिक अभियान विकसित गर्ने ।
- शिक्षा, स्वास्थ्य, सरकारी काम, सार्वजनिक सेवाप्रवाह र राजस्व सेवा आदिमा आम-नागरिक सक्रियरूपमा संलग्न हुनेखालका कार्यक्रम र गतिविधि सञ्चालन गर्ने ।
- संस्थाका मूल्य-मान्यताहरूलाई नागरिकसँग जोड्न सञ्चार र सूचना प्रवाहलाई प्रभावकारी बनाउने ।
- संस्थाका वार्षिक प्रतिवेदन, अनुसन्धान र अन्य प्रकाशनहरूलाई आम-नागरिकमा सचेतना जगाउने ।
- निश्चित संवेदनशील क्षेत्र र प्रक्रिया तथा त्यसभित्रका त्यहा हुने अनियमिततामा केन्द्रित हुने र सुधारका उपायहरू सुझाउने ।
- भूकम्पपछिको पुनर्निर्माण, जलवायु परिवर्तन, सामाजिक विकास, सूचनाको हक र खुला सरकारको सुधारका लागि निगरानी गर्ने तथा उपायहरू सुझाउने ।
- सदाचारको उदाहरणीय कार्यलाई पहिचान गर्ने र सम्मान गर्ने ।

**रणनीतिक दिशा ४ : समुदाय, संस्था तथा साझेदारहरू**
**प्राथमिकता**

- साझेदार संस्थाहरूको नीति तथा कार्य सञ्चालनमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने ।
- ज्ञान उत्पादन गर्ने संस्थाहरू (विश्वविद्यालय, अनुसन्धानमूलक संस्थाहरू)सँग कार्यगत सम्बन्ध विकास गर्ने ।
- समाजभित्रका भ्रष्टाचारविरुद्ध लड्न प्रतिबद्ध समूहलाई सवलीकरण गर्दै उनीहरूसँग सहकार्य गर्ने ।
- भ्रष्टाचारविरुद्धको अभियानमा संचारमाध्यमलाई अभिन्न साझेदारका रूपमा लिई मिडियासँग प्रभावकारी समन्वय गर्ने ।
- नेपालमा शासकीय पद्धति र दीगो विकासमा काम गरिहेका अन्तर्राष्ट्रिय संस्थाहरू, दुईपक्षीय र बहुपक्षीय निकायहरूसँग समन्वयात्मक सम्बन्ध विकास गर्ने ।
- सूचना, ज्ञान, भ्रमण र साझा कार्यक्रमहरूको आदान/प्रदानमार्फत् दक्षिण एसियाका टीआई च्याप्टर्ससँग सञ्जाल विकास गर्ने ।

**योजना कार्यान्वयन प्रणालीको प्रबन्ध (आन्तरिक)**
**प्राथमिकता**

**शासकीय सुधार**

- सदस्यता वृद्धि तथा संलग्नता, युवा तथा महिला सहभागिता, आन्तरिक संरचनामा परिवर्तन, नयाँपन र लचकता

**सचिवालयको क्षमता अभिवृद्धि**

- निरीक्षण तथा मूल्यांकन, मानव संशाधन विकास, टीआई नेपाल भवन तथा भौतिक सुविधा, वार्षिक योजना

**श्रोत व्यवस्थापन**

**आधारपत्र**

रणनीतिक योजनाका प्राथमिकताका प्रमुख विषयहरूलाई थप स्पष्ट बनाउन संस्थाका सदस्यहरूको सहयोगमा अवधारणा-पत्रहरू तयार गरी छलफलपश्चात् ६ प्रमुख विषयमा संस्थागत आधारपत्रहरू तयार गरिएका छन् । आधारपत्रले रणनीतिक योजना कार्यान्वयनमा सहजता प्रदान गरेको छ ।

**कार्यसमिति, मानार्थ र साधारण सदस्य**

१. श्री खेमराज रेग्मी (अध्यक्ष)
२. श्री सविता भण्डारी बराल (उपाध्यक्ष)
३. श्री मुकुन्द बहादुर प्रधान (महासचिव)
४. श्री किरण थापा (कोषाध्यक्ष)
५. श्री सुरेन्द्र वीर मालाकार (का. सदस्य)
६. श्री बुद्धि नारायण श्रेष्ठ (का.सदस्य)
७. श्री कृष्ण ज्ञवाली (का. सदस्य)
८. श्री आर्या श्रेष्ठ (का. सदस्य)
९. श्री सीताराम अग्रहरी (का. सदस्य)




*पदाधिकारी र कार्यसमितिको शपथ ग्रहण समारोह*

१०. डा. देवेन्द्रराज पाण्डे, मानार्थ सदस्य
११. श्री अम्बिका श्रेष्ठ, मानार्थ सदस्य
१२. श्री दामोदर प्रसाद गौतम, मानार्थ सदस्य
१३. श्री केदार भक्त माथेमा, मानार्थ सदस्य
१४. श्री कृष्ण प्रसाद भण्डारी, मानार्थ सदस्य
१५. श्री भरत बहादुर थापा, सदस्य
१६. श्री बिष्णु बहादुर के.सी., सदस्य
१७. डा. राम दयाल राकेश, सदस्य
१८. श्री गीता केशरी, सदस्य
१९. श्री महादेव प्रसाद यादव, सदस्य
२०. श्री आनन्द राज मुल्मी, सदस्य
२१. श्री सर्वज्ञरत्न तुलाधर, सदस्य
२२. श्री रामकृष्ण मानन्धर, सदस्य
२३. श्री रमेश नाथ ढुङ्गेल, सदस्य
२४. श्री आदित्य मान श्रेष्ठ, सदस्य
२५. श्री पद्मिनी प्रधानाङ्ग, सदस्य
२६. श्री कोमल बहादुर चित्रकार, सदस्य
२७. श्री लीलाप्रसाद सापकोटा, सदस्य
२८. श्री सोमराज सिग्देल, सदस्य
२९. श्री भीम बहादुर श्रेष्ठ, सदस्य
३०. श्री चिन्तामणी योगी, सदस्य
३१. श्री शरच्चन्द्र वस्ती, सदस्य
३२. डा. सागर राज शर्मा, सदस्य
३३. श्री तोया गुरुङ, सदस्य
३४. डा. विश्व केशर मास्के, सदस्य
३५. डा. मीना आचार्य, सदस्य
३६. डा. पोषराज पाण्डे, सदस्य
३७. श्री दीपकुमार उपाध्याय, सदस्य
३८. श्री जगतमान शाक्य, सदस्य
३९. श्री सूर्यनाथ उपाध्याय, सदस्य
४०. श्री पुरुर्षोत्तम बास्कोटा, सदस्य
४१. श्री प्रेम राज पन्त, सदस्य
४२. श्री कनक विक्रम थापा, सदस्य
४३. डा. सुरेश राज चालिसे, सदस्य
४४. डा. विजय के.सी., सदस्य
४५. डा. अनुशुया जोशी, सदस्य
४६. डा. ईश्वर प्रसाद उपाध्याय, सदस्य
४७. श्री भोजराज पोखरेल, सदस्य
४८. श्री मुकुन्द शर्मा पौडेल, सदस्य
४९. श्री वरुण प्रसाद श्रेष्ठ, सदस्य
५०. डा. रेवत बहादुर कार्की, सदस्य
५१. डा. विमल प्रसाद कोइराला, सदस्य
५२. श्री वंशीधर घिमिरे, सदस्य
५३. श्री पवन कुमार ओझा, सदस्य
५४. श्री केशव प्रसाद आचार्य, सदस्य
५५. श्री मदन कृष्ण शर्मा, सदस्य
५६. श्री जयराम सिंह बोहरा, सदस्य
५७. श्री प्रकाश ए राज, सदस्य
५८. श्री दोलख बहादुर गुरुङ, सदस्य
५९. डा. सूर्य प्रसाद शर्मा ढुङ्गेल, सदस्य
६०. श्री राजुमान सिंह मल्ल, सदस्य
६१. श्री राम प्रसाद श्रेष्ठ, सदस्य
६२. श्री गीता अर्याल, सदस्य
६३. श्री खेमराज पाण्डेय, सदस्य
६४. श्री विनोद प्रसाद विष्ट, सदस्य
६५. श्री सुरेन्द्र बहादुर भारीजु, सदस्य
६६. श्री महेन्द नारायण श्रेष्ठ, सदस्य
६७. श्री राजेश्वर नेपाली, सदस्य
६८. श्री चण्डेश्वर आचार्य, सदस्य
६९. श्री केदार प्रसाद सुवेदी, सदस्य
७०. श्री हरिबहादुर थापा, सदस्य
७१. श्री सुनिता गुरुङ्ग, सदस्य
७२. फुर्वा तामाङ्ग, सदस्य
७३. राष्ट्रिय व्यावसायिक पहल, संस्थागत सदस्य

यस वर्ष पूर्वअध्यक्ष श्री श्रीहरि अर्यालले सदस्यता परित्याग गर्नुभएको सूचना प्राप्त भएको छ। यसैगरी सदस्य श्री वंशीधर घिमिरेको असामयिक स्वर्गारोहण भएको छ।

**सचिवालय कर्मचारी**

**काठमाडौं**

१. आशिष थापा, कार्यकारी निर्देशक
२. तुम्बुरु गौतम, संयोजक
३. दिनानाथ भट्टराई, वरिष्ठ अधिकृत
४. बबिता शर्मा, वरिष्ठ अधिकृत
५. बिनोद भट्टराई, वरिष्ठ अधिकृत
६. रंजिता कुमारी चौधरी, कार्यक्रम अधिकृत
७. शिशोर घोला, कार्यालय सहायक
८. श्यामलाल साई, चालक

**जिल्ला कार्यालय**

१. उमेश विश्वकर्मा, जिल्ला अधिकृत, सिन्धुपाल्चोक
२. कमला राना, जिल्ला अधिकृत, गोरखा
३. गंगा घिमिरे, जिल्ला अधिकृत, सिन्धुली
४. गंगा लामा, जिल्ला अधिकृत, काभ्रेपलाञ्चोक
५. जुनु ढकाल, जिल्ला अधिकृत, भक्तपुर
६. दिपेश घिमिरे, जिल्ला अधिकृत, नुवाकोट
७. दीपक कुमार के.सी., जिल्ला अधिकृत, रामेछाप
८. प्रमिला थिङ, जिल्ला अधिकृत, मकवानपुर
९. विकास आचार्य, जिल्ला अधिकृत, रसुवा
१०. भलमान विश्वकर्मा, जिल्ला अधिकृत, ओखलढुङ्गा
११. रत्ना तामाङ्ग, जिल्ला अधिकृत, दोलखा
१२. सानुबाबु तिमिल्सिना, जिल्ला अधिकृत, धादिङ्ग
१३. शारदा नेपाली, जिल्ला अधिकृत, ललितपुर/काठमाडौं

**नवीकरण**

संस्था क्रियाशील रहेका विभिन्न जिल्लाका स्थानीय सरकारको सिफारिसका साथै २३ औं वार्षिक साधारणसभाबाट पारित भएका वार्षिक प्रगति प्रतिवेदन र लेखा-परीक्षकको प्रतिवेदन पेश गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट संस्थाको दर्ता प्रमाण-पत्र २०७६ असार मसान्तसम्म नवीकरण गरिएको छ । यसैगरी, करसम्बन्धी प्रमाण-पत्रहरू पनि २०७५/०७६ का लागि नवीकरण गरिएको छ । २४ औं साधारणसभाको समाप्तिपश्चात् २०७७ असार मसान्तसम्मका लागि संस्था दर्ता नवीकरणको प्रक्रिया शिघ्र सुरु गरिनेछ ।

ट्रान्सपरेन्सी इन्टरनेशनल (वर्लिन) सँग रहेको यस संस्थाको राष्ट्रिय च्याप्टरको आवद्धता नियमितरुपले प्रत्येक तीन वर्षमा गरिने नवीकरण प्रक्रिया यस वर्ष सुरु गरिएको छ । टीआईबाट प्राप्त भएको विस्तृत प्रश्नावली भरी सोसँग आवश्यक दस्तावेज उपलब्ध गराई आवद्धता नवीकरणको प्रक्रिया सुरु गरिएको हो ।

# विषयसूची

१. राष्ट्रिय सदाचार प्रणालीको वर्तमान स्थिति
२. २३ औं वार्षिक साधारणसभा
३. कार्यसमिति
४. व्यवस्थापन उपसमिति
५. कार्यसमितिको पहल र सक्रियता
केही मुख्य नीतिगत विषयमा ध्यानाकर्षण पत्राचार
केही मुख्य नीतिगत विषयमा प्रेस विज्ञप्ति
भेटघाट
विविध
कार्यसमितिको २० जिल्ला भ्रमण, अन्तर्क्रिया र अवलोकन
६. मुख्य कार्यक्रमहरू र सञ्चालित गतिविधि
एलाक आउटरिच (ALAC Outreach) गतिविधि
भूकम्पपछिको पुनर्निर्माण र पुनःस्थापनामा सदाचार (IPERR) गतिविधि
नेपालको स्वास्थ्य क्षेत्रमा खुला करारका लागि पहल (OC4H) (नयाँ कार्यक्रम)
जलवायु वित्त सुशासन (CFG) गतिविधि
भावी परियोजना
७. भ्रमण
८. इन्टर्नशिप
९. आर्थिक स्थिति
१०. चुनौति
११. प्रभाव
१२. आगामी वर्षका कार्यक्रमहरू
१३. उपसंहार
आवद्ध संस्था
जिल्ला सम्पर्क कार्यालय

*(महासचिव मुकुन्द बहादुर प्रधानद्वारा २४ औं वार्षिक साधारणसभामा प्रस्तुत ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको वार्षिक प्रगति प्रतिवेदन, २०७५-०७६)*

## राष्ट्रिय सदाचार प्रणालीको वर्तमान स्थिति

**परिवेश**

नेपालमा आर्थिक वर्ष २०७५/०७६ मा राष्ट्रिय सदाचार प्रणालीका सन्दर्भमा केही सकारात्मक कार्यहरू भए। संरचनाको हिसाबले संघीयता कार्यान्वयनमा आएको छ। सोही संरचनामा हाल ७ प्रदेश र ७५३ स्थानीय सरकार क्रियाशील छन्। १५ औं योजनाले 'समृद्ध नेपाल र सुखी नेपाली' को लक्ष प्राप्त गर्ने मार्ग देखाएको छ। सन् २०३० सम्म भ्रष्टाचार उल्लेखनीयरुपमा न्यूनीकरण गर्ने र दिगो विकासको संयुक्त राष्ट्रसंघीय लक्ष एसडीजी हासिल गर्नेतिर नेपाल अग्रसर बनेको छ। यसका लागि आवश्यक नीति-नियम र कानुन निर्माणमा पनि आवश्यक काम चालू छ। सुशासन राष्ट्रिय संकल्प हो, भ्रष्टाचार शून्यता प्रतिवद्धतासरह नै छ। राज्यको पुनर्संरचनाका कामहरू र राजनीतिक प्रक्रियाहरू अघि बढी रहेका छन्। सरकारले यातायात लगायतका क्षेत्रमा हुने सिन्डिकेट तोड्ने, तस्करी, पुनर्निर्माणमा देखिएको ढिलासुस्ती हटाउने, सरकारी कोषको प्रयोगबाट हुने अनावश्यक विदेश भ्रमण रोक्ने, अर्थतन्त्रमा अराजकता रोक्ने जस्ता कार्यक्रमहरू प्रस्तुत गरी केही प्रयास सुरु गरेको छ।

राष्ट्रिय सदाचार प्रणालीका सबै अंग सदाचार र सुशासन कायम गर्न एवं भ्रष्टाचार, अनियमितता तथा पद–अधिकारको दुरुपयोग रोक्न क्रियाशील हुनु पर्ने नै हुन्छ। संसद्, सरकार तथा न्यायालयजस्ता राज्यका मूल अंग शासनसँग आवद्ध संस्था हुन्। तर, ती सुशासन र भ्रष्टाचार बिरुद्धमा अपेक्षित र आवश्यकता बमोजिम लाग्न सकेको अनुभूति हुन नसकेको स्थिति रहेको छ।

सदाचारको दृष्टिमा र सुशासनतर्फको यात्रामा कार्यान्वयन पक्षलाई हेर्दा उत्साहित हुने आधार छैन। राष्ट्रिय सदाचार प्रणालीसँग आवद्ध राज्यका विभिन्न अंगले स्वतन्त्ररुपमा कार्य गर्ने स्थितिमा केही बाधा छ, यसबाट तिनको भूमिका, सुशासन, तथा क्षमतामा प्रभाव पर्न गएको छ। कानूनको पक्ष र संवैधानिक प्रावधानमात्र हेर्ने हो भने ती नभएका होइनन्। तर, तिनको कार्यान्वयन सहज हुनसकेको छैन।




*राष्ट्रिय सदाचार प्रणालीका अंग*

संसद् क्रियाशील छ, तर सरकारलाई आफूप्रति जवाफदेही बनाउन सकेको छैन, त्यहाँ प्रतिपक्ष कमजोर भएकोले संसदीय वहस पनि गम्भीर भएको देखिन्न, विधेयकहरू सरकारको सुविधामा औपचारिकता पूरा गर्दै, निहित स्वार्थलाई देखे/नदेखेझैँ गरी पारित हुने क्रम छ। सरकार एकोहोरो हिसाबले राज्यका अन्य अंगलाई किनारामा पार्दै दुई तिहाई बहुमतको आडमा आफ्नो सुविधामा अघि बढिरहेछ। यो प्रवृत्ति बजेट, पन्ध्रौं योजना तथा अन्य नीतिमा देखिन्छ नै। सत्तारुढ दलभित्र नै यसप्रति असन्तुष्टी प्रकट भएका छन्। न्यायालयले केही प्रक्रियागत कारबाही सुरु गरे पनि न्याय समयमा पाइन्छ भन्ने विश्वास सर्वसाधारणलाई दिन सकेको छैन। त्यहाँ हुने ढिलासुस्ती, अनियमितताले सर्वसाधारण न्याय खोज्न हच्किइरहेका छन्।

निजामती सेवा समायोजनको मार्गमा छ, त्यसमा अस्थिरता र असहजता भएको स्पष्ट छ, वर्तमान ९० हजारको कर्मचारी संख्या बढाएर करिब १ लाख ३७ हजार पुऱ्याउनु अवस्था परेको छ। यही बेला लोकसेवा आयोगलाई विवादमा तानिएको छ, जसबाट देशभरकै प्रशासनमा प्रतिकूल प्रभाव परिरहेछ। निर्वाचन आयोग नियमित काममा छ। केहीको उपनिर्वाचन गराउनका लागि कार्यरत छ। विगत निर्वाचनका कमी-कमजोरीलाई सच्याउन सचेत छ, तर

त्यसप्रतिको क्रियाशीलता बाहिर देखिसकेको छैन । सार्वजनिक सुरक्षा निकायमा प्रहरी र सशस्त्र प्रहरी बारम्बारको राजनीतिक हस्तक्षेपले कमजोर स्थितिमा पुऱ्याइएकोले अपराध, अनियमितता, सार्वजनिक सुरक्षामा कडा र प्रभावकारी योगदान भएको पाईंदैन । प्रदेश तहको प्रहरी र संघीय प्रहरीबीचको संरचना र कार्यविभाजनबारे अझै स्पष्ट भएको छैन ।

स्थानीय सरकारलाई जनताप्रति थप जिम्मेवार तथा जवाफदेही बनाई 'जनताको घरदैलोमा सिंहदरबार' भन्ने नारालाई साँच्चिकै सार्थक बनाउनुपर्ने खाँचो टड्कारो छ । जनताले पाउनुपर्ने सेवा-सुविधालाई सरल, सुगम, कम खर्चिलो र शीघ्र ढंगबाट आपूर्ति गर्नेतर्फ स्थानीय सरकारहरू अझै खरो उत्रन नसकेको आम-जनगुनासो छ ।

भ्रष्टाचारबिरुद्ध कार्य गर्ने संस्था धेरैलाई प्रधानमन्त्री कार्यालयअन्तर्गत पुऱ्याइएको छ, जसले गर्दा तिनमा कार्यकारी प्रभाव र दवाबका कारण अपेक्षित नियमन वा नियन्त्रण हुन नसक्ला कि भन्ने चिन्ता बढ्दो छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग विगतमा भन्दा थप क्रियाशील देखिन्छ, नियमित कामले सार्वजनिक उपस्थिति पनि कायम राखेको पनि छ, तर पनि ठूला भ्रष्टाचार प्रभावकारीढंगमा नियन्त्रण गर्छ भन्नेमा विश्वस्त हुने उदाहरणीय काम भएको पाइएको छैन । भ्रष्टाचार नियन्त्रणको प्रमुख संवैधानिक जिम्मेवारी पाएको राज्यको यो महत्वपूर्ण निकायको कार्यक्षेत्रको दायरा थप फराकिलो बनाउनुका साथै यसलाई थप अधिकार र साधन-स्रोत सम्पन्न बनाउनुपर्ने आवश्यकता छ । साथै, आयोगमा नियुक्त हुने पदाधिकारीको सक्षमता र सदाचारको कडा परीक्षण गरी सार्वजनिक जीवनमा उनीहरूबारे कुनै प्रश्न उठ्न नसक्ने अवस्था सिर्जना गर्दै नियुक्ति प्रक्रियालाई परिष्कार गर्नुपर्ने देखिन्छ । नीति र नियतको भ्रष्टाचारलाई कडा नियन्त्रण गर्नेतर्फ राज्यका यस्ता निकायहरूलाई थप सक्रिय बनाउनुपर्ने देखिन्छ । महालेखा-परीक्षक कार्यालय पूर्ववत् कार्यमा व्यस्त छ । संघीयताअन्तर्गत काम गर्ने प्रावधान तयार छ, प्रतिवेदनमा खुलारुपमा आर्थिक अनियमितता र बेरुजुलाई औंल्याइरहेको छ । तर, सम्बन्धित निकायले त्यसलाई बेवास्ता गर्ने क्रम जारी छ । साथै, संसद्को लेखासमिति पनि उक्त प्रतिवेदन कार्यान्वयनमा उदासीन देखिन्छ ।

आम-सञ्चारमाध्यम सूचना प्रवाहमा निकै अघि छ, सार्वजनिक चासोका नीति-निर्माणमा स्वस्थ वहस चलाउनमा अरू निकायभन्दा अघि देखिएको छ तर व्यापारिक र राजनीतिक प्रभावबाट मुक्त हुन यसलाई पनि सकस परेको देखिन्छ । नागरिक समाज सचेत छ, बेला-बेलामा संसद्मा सबल प्रतिपक्षको अभाव पूरा गर्न सडकमा उत्रन्छ, जनहितबिरुद्धका विधेयकको विरोध गर्छ, तर यस क्षेत्रमा पनि कतै राजनीतिक परिसरको अप्रत्यक्ष प्रभाव परेको समय/समयका क्रियाकलापले देखिन्छ । स्वतन्त्र प्रेस लोकतन्त्रको पथ-प्रदर्शक एवं मेरुदण्ड हो । यो सर्वमान्य तथ्य हुँदाहुँदै स्वतन्त्र प्रेसको अवधारणालाई मिडिया काउन्सील विधेयकमार्फत् सकसमा र कुण्ठित पार्न खोजिएको दुःखद् आभाष भएको छ । राजनीतिक दलमा सत्तारुढ दल एकता अभ्यासमा व्यस्त छ, यसैले दलभित्रको प्रजातन्त्रलाई दृढ पार्नतिर ध्यान दिन सकेको छैन । प्रतिपक्षी दल चुनावको हारले गर्दा अझै सक्रिय हुन नसकेको देखिन्छ । चुनावले किनारामा पुऱ्याएका साना दलको पनि त्यही हालत छ । सतहमा केही क्रियाशील देखिन्छन्, तर सारमा तिनले चुनावपछिको भूमिका पहिल्याउन सकिरहेका छैनन् । यसले गर्दा सत्तारुढ दललाई कुनै सशक्त विरोधको सामना गर्नुपर्ने स्थिति छैन ।

निर्वाचनपश्चात् पनि निजी क्षेत्र र सरकारबीच अविश्वास घट्न सकेको स्थिति छैन । सरकार निजी क्षेत्रलाई प्रोत्साहन दिनेमा प्रतिवद्धता व्यक्त गर्दछ, तर नीति-नियमले उत्साहित बनाउन सकेको छैन । स्टक मार्केट ओरालो लाग्नु, बैंकको लगानी बढ्न नसक्नु, लगानी उत्पादनमुखी हुन नसक्नु, मूल्यबृद्धि हुनु, निर्यात घट्नु, आयात ठूलो मात्रामा बढनुको कारण पनि यही हो ।

समग्रमा वर्तमान अवस्थामा देशमा राष्ट्रिय सदाचार प्रणाली स्थापित भई भ्रष्टाचार नियन्त्रणको काम सशक्तरुपमा सुरु गर्न र सुशासनको नमुना प्रस्तुत गर्न निर्वाचित सरकारलाई प्राप्त अवसरको सदुपयोग हुन नसकेको देखिन्छ । चुनौति यथावतै रहेको परिवेशमा सदाझैँ सदाचार प्रवर्द्धनको अभियानमा टीआई नेपाल आफ्ना रणनीतिक कार्यदिशाअनुरुप गतिविधिहरू सञ्चालन जारी राख्न प्रतिवद्ध छ ।

## २३ औं वार्षिक साधारणसभा

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालले २०७५ असोज १९ गते काठमाडौंमा २३ औं साधारणसभा सम्पन्न गरेको छ ।

**सभाको निर्णयः**

१. ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको २२ औं साधारणसभाले गरेका निर्णयहरू २३ औं वार्षिक साधारणसभाद्वारा जानकारीमा लिइयो ।

२. ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको वार्षिक प्रगतिप्रतिवेदन २०७४/०७५ (Annual Progress Report 2017/018) संस्थाका महासचिव पद्मिनी प्रधानाङ्गद्वारा प्रस्तुत गरियो । प्रतिवेदन अग्रिमरुपमा सभासदस्यहरूलाई उपलब्ध गराइएको थियो । प्रतिवेदनमा संस्थाले सम्पन्न गरेका विभिन्न क्रियाकलापहरू विस्तृतरुपमा उल्लेख गरिएको छ । उक्त प्रतिवेदनमा छलफल भएपश्चात् साधारणसभाद्वारा सर्वसम्मतिले स्वीकृत गरियो ।

३. ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन (Audited Financial Report 2017/018) संस्थाका कोषाध्यक्ष रामकृष्ण मानन्धरद्वारा प्रस्तुत गरियो । प्रतिवेदन अग्रिमरुपमा सभासदस्यहरूलाई उपलब्ध गराइएको थियो । प्रतिवेदनमा संस्थाको आम्दानी र खर्च एवं परियोजना खर्च उल्लेख गरिएको छ । उक्त प्रतिवेदनमा छलफल भएपश्चात् साधारणसभाद्वारा सर्वसम्मतिले स्वीकृत गरियो ।

४. आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षकको नियुक्ति र पारिश्रमिकसम्बन्धी निर्णय गर्न निर्वाचित कार्यसमितिलाई अधिकार प्रदान गरियो ।

५. निर्वाचन अधिकृत लीलाप्रसाद सापकोटाद्वारा कार्यसमितिको पदावधि समाप्त भएको घोषणासहित निर्वाचनको कार्य आरम्भ गरियो । सभामा रिक्त रहेका ८ पदहरू (अध्यक्ष- १, कार्यसमिति ७) मा मतदान सम्पन्न गरियो । निर्वाचन अधिकृतबाट मतदान परिणाम घोषणा गरियो । अध्यक्ष पदमा उम्मेद्वार खेमराज रेग्मीले ५० मध्ये २५ मत प्राप्त गरेकाले निर्वाचन अधिकृतले उहाँलाई विजयी घोषित गर्नुभयो । कार्यसमिति सदस्यमा मुकुन्दबहादुर प्रधान, सबिता भण्डारी बराल, सुरेन्द्रवीर मालाकार, बुद्धिनारायण श्रेष्ठ, किरण थापा, कृष्ण ज्ञवाली र आर्या श्रेष्ठ निर्वाचित भएको घोषणा गरियो । निर्वाचित अध्यक्ष र सदस्यलाई निर्वाचन अधिकृतद्वारा प्रमाण-पत्र प्रदान गरियो ।

६. निर्वाचन अधिकृत लीलाप्रसाद सापकोटाद्वारा नवनिर्वाचित अध्यक्ष खेमराज रेग्मीलाई संस्थाको अध्यक्ष पदको शपथग्रहण गराइयो ।

## कार्यसमिति

२३ औं र २४ औं साधारणसभाबीच १० पटक कार्यसमितिको बैठक आयोजना गरिएको छ ।

**समितिका केही मुख्य निर्णय**

- संस्थाको २४ औं वार्षिक साधारणसभा २०७६ असोज १७ गते काठमाडौंमा आयोजना गर्ने ।
- सदस्यले साधारणसभामा भाग लिन वार्षिक सदस्यता शुल्क सोही वर्षको साधारणसभा हुनुअगावै बुझाई सदस्यता नवीकरण गर्नुपर्ने । साधारणसभा सम्पन्न भएको मितिले दुई महिनाभित्र सदस्यता नवीकरण गर्न सूचना दिइने र सो अवधिभित्र पनि नवीकरण नगर्ने सदस्यलाई अन्तिमपटक एक महिनाभित्र नवीकरण गर्न पुनः सूचना दिइने । सो अवधिभित्र पनि सदस्यता नवीकरण नगर्ने सदस्यको सदस्यता कार्यसमितिले हटाउन सक्ने ।
- टीआईबाट सेप्टेम्बर महिनामा क्याम्बोडियामा आयोजना हुने एशिया प्यासिफिकस्तरको छलफलका लागि आमन्त्रण प्राप्त भएकोमा कार्यकारी निर्देशकले भाग लिने ।
- संस्थाका सचिवालय र परियोजनामा कार्यरत कर्मचारीहरूको आव २०७५/०७६ को सेवा करारनामा नवीकरण गर्नेबारे कार्यसमितिद्वारा गठन गरिएको महासचिव र कोषाध्यक्ष सम्मिलित टोलीको सुझाव स्वीकृत गर्ने ।
- TI National Chapter Accreditation सम्बन्धी प्रश्नावली भरी संस्थाको ट्रान्सपरेन्सी इन्टरनेशनलसँगको आवद्धता नवीकरण गराउने कार्य सम्पन्न गर्ने अख्तियारी कार्यकारी निर्देशकलाई प्रदान गर्ने ।

- नेपाल ट्रष्ट र नेपाल आयल निगमलगायत समसामयिक विषयहरूमा संस्थाको धारणा बनाउन आवश्यक विवरण/सूचना संकलन गरी Fact Sheet तयार गराउने ।
- संस्थाको विधानमा समयनाकूल आवश्यक परिवर्तनका साथै प्रस्तावित संस्था दर्ता ऐनको भावनाबमोजिम गर्नुपर्ने परिमार्जनबारे अध्ययन गरी विधान संशोधनसम्बन्धी सुझाव पेश गर्न उपाध्यक्ष वरिष्ठ अधिवक्ता श्री सविता भण्डारी बरालको नेतृत्वमा पूर्वकार्यसमिति सदस्यहरू वरिष्ठ अधिवक्ता लीला प्रसाद सापकोटा र डा. सागरराज शर्मा सम्मिलित ३ सदस्यीय विधान संशोधन उपसमिति गठन गर्ने । उपसमितिले सदस्यहरूको राय/सुझावबमोजिम हाल विधान संशोधन गर्न नपर्ने भन्ने सुझाव दिएकोमा सो अनुमोदन गर्ने ।
- ट्रान्सपरेन्सी इन्टरनेशनलको जुन महिनामा मलेसिया आयोजना हुने रणनीति तर्जुमासम्बन्धी बैठक र नोभेम्बर महिनामा बर्लिनमा आयोजना हुने साधारणसभामा आयोजक संस्थाको निमन्त्रणा र खर्चमा क्रमशः अध्यक्ष श्री खेमराज रेग्मी र महासचिव श्री मुकुन्द बहादुर प्रधान सहभागी हुने ।
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद विकास कोष भनी परिचित) अन्तर्गत काठमाडौं उपत्यकाका १५ निर्वाचन क्षेत्रमा सञ्चालित केही स्वीकृत योजना अवलोकन गर्ने ।
- आईपीईआरआर र ओसीफोरएच (IPERR & OC4H) परियोजनाका वार्षिक योजना र बजेटबमोजिम सम्पन्न गर्नुपर्ने तीनवटा अध्ययनका लागि सार्वजनिक सूचना प्रस्ताव आव्हान गर्ने । प्रस्ताव मूल्याङ्कनको प्रारम्भिक कार्यको जिम्मेवारी पूर्वअध्यक्ष श्री भरत बहादुर थापालाई प्रदान गर्ने ।
- समाज कल्याण परिषद्को निर्देशिकाबमोजिम CFG, ALAC र IPERR परियोजनाको सरकारीस्तरबाट मूल्याङ्कन गराउन समाज कल्याण परिषद्सँग नियम बमोजीम सम्झौता गर्ने ।
- संस्थाको सदस्यता शुल्क, ब्याज, परियोजना ओभरहेडहरू र अन्य श्रोतबाट आर्थिक वर्ष २०७४/०७५ मा भएको बचत/आम्दानीमध्येबाट रु. १५ लाख संस्थाको मुद्धति खातामा जम्मा गर्ने ।
- संस्थाको कार्यालय घरभाडा प्रतिमहिना रु. ८०,०००/- (करसहित) रहने, प्रतिवर्ष ६ प्रतिशतका दरले भाडा अभिवृद्धि हुने तथा अन्य शर्त पुरानै सम्झौताबमोजिम रहने गरी सम्झौता गर्ने ।
- संघीय सरकारद्वारा घोषित सार्वजनिक विदा र सूचनाबाहेक प्रदेश सरकारद्वारा दिइने विदा जिल्लास्तरको कार्यालयमा मात्र लागू हुने ।
- वि.सं. २०७६ को संस्थाको क्यालेण्डरमा भ्रष्टाचारबारे सचेतना जगाउने र सदाचारका सन्देशप्रवाह गर्ने चित्रकलाहरू प्रयोग गर्ने ।
- संस्थाको राष्ट्रिय सदाचार सम्मान छनौट तथा सम्मान कार्यविधि-२०६७ बमोजिम २०७५ सालको 'राष्ट्रिय सदाचार सम्मान' प्रदान गर्न एक सम्मान छनौट उपसमिति गठन गर्ने । उपसमिति संयोजकको रुपमा पूर्वअध्यक्ष श्री भरतबहादुर थापा र सदस्यहरूमा उपाध्यक्ष श्री सविता भण्डारी बराल र हरिबहादुर थापा रहने ।



- लामो समयसम्म चिकित्सा सेवा र राष्ट्रिय महत्वका पदहरूमा कार्यरत हुँदाका साथै हालसम्म सक्रिय समाज सेवामा समर्पित रहँदा सदाचारयुक्त आचरण र जीवणशैली अवलम्वन गरी समाजमा अनुकरणीय आदर्श प्रस्तुत गर्नुहुने वर्ष ९२ का डा. गौरीशंकर लाल दासलाई टीआई नेपाल राष्ट्रिय सदाचार सम्मान २०७५ प्रदान गर्ने ।
- सचिवालय कर्मचारीको उपदान, विदा, सभरेन्स पे तथा अन्य केही विषयसम्बन्धी कार्यकारी निर्देशकको प्रस्ताव छलफलपश्चात् अनुमोदन गर्ने तथा Operational Mannual (OM) 2018 मा यससम्बन्धी आवश्यक प्रावधान थपघट गर्ने ।
- २३ औं साधारणसभापश्चात् कार्यसमिति सदस्यको एक पद रिक्त रहेको सन्दर्भमा विधानको धारा २४ बमोजिम सदस्य श्री सीताराम अग्रहरीलाई अर्को निर्वाचनसम्मका लागि सहवरण गर्ने ।
- संस्थाले सञ्चालन गरेको कार्यक्रममध्ये मुख्य कार्यक्रम IPERR अन्य साना परियोजना र टी.आई. नेपालको खर्चहरूको आर्थिक वर्ष २०७५/०७६ को लेखा-परीक्षकको रुपमा पीएम एण्ड एशोसिएट्सलाई नियुक्त गर्ने । साविकको पारिश्रमिकमा रु. १०% (प्रतिशत) बृद्धि गर्ने ।

- आवद्ध संस्था निर्देशका, २०६८ को दफा १२ बमोजिम १९ वटा संस्थाको आवद्ध संस्थाको हैसियत आगामी २ वर्षका लागि नवीकरण गर्ने । संस्थाको पदाधिकारी र कार्यसमिति सदस्य तथा आवद्ध संस्थाहरूका अध्यक्षहरूको उपस्थितिमा एक भेला आयोजना गर्ने ।
- OC4H परियोजनासम्बन्धी टीआई युकेद्वारा आयोजना गरिएको सम्मेलनमा कार्यकारी निर्देशक सहभागी हुने ।
- विधानको धारा ३० बमोजिम अध्यक्ष श्री खेमराज रेग्मीद्वारा संस्थाको उपाध्यक्षमा श्री सविता भण्डारी बराल, महासचिवमा श्री मुकुन्द बहादुर प्रधान र कोषाध्यक्षमा श्री किरण थापालाई मनोनयन गर्ने ।
- संस्थाका पदाधिकारीहरूबाट सञ्चालनमा हुने सिटिजन्स् बैंक इन्टरनेशनल लिमिटेडमा रहेका संस्था र परियोजनाका बैंक खाताहरू अध्यक्ष श्री खेमराज रेग्मी, महासचिव श्री मुकुन्द बहादुर प्रधान र कोषाध्यक्ष श्री किरण थापा तीनजनामध्ये दुईजनाको हस्ताक्षरबाट सञ्चालन हुने व्यवस्थाका लागि खाता सञ्चालनकर्ता परिवर्तन गर्ने । अपरेशनल म्यानुअलबमोजिम संस्थाको दैनिक खर्च सञ्चालन खाता महासचिव, कोषाध्यक्ष, कार्यकारी निर्देशक र वित्तसम्बन्धी अधिकृतमध्ये मुख्यतः सचिवालय कर्मचारीबाट सञ्चालन रहने व्यवस्था कायम राख्ने ।
- संस्थाको नयाँ अध्यक्ष निर्वाचित भइसकेको परिप्रेक्ष्यमा ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) मा संस्थाको तर्फबाट Official Chapter Representative (OCR) अध्यक्ष श्री खेमराज रेग्मी रहने पत्राचार गर्ने ।
- कार्यसमिति सदस्यहरूको TI Register of Interest फारम तयार गरी संस्थाको वेभसाइटमा राख्ने ।

**व्यवस्थापन उपसमिति**

पदाधिकारी र कार्यकारी निर्देशक रहेको व्यवस्थापन उपसमितिको बैठक २३ औं र २४ औं साधारणसभाबीच ५ पटक सम्पन्न गरिएको छ ।

**उपसमितिका केही मुख्य निर्णय**

- संस्थाको मुख्य प्रवक्ताको रुपमा अध्यक्ष र सहप्रवक्ताको रुपमा महासचिव रहने व्यवस्था कायम राख्ने ।
- टीआई युके (TI UK) सँग Open Contracting for Health (OC4H) विषयसम्बन्धी सहकार्य अघि बढाउन परियोजनाको सम्झौता-पत्रमा संस्थाको तर्फबाट कार्यकारी निर्देशकद्वारा हस्ताक्षर गर्ने ।
- संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रमा उल्लेखित नागरिक सरोकार समूह गठन गरी निगरानी र अनुगमन गर्ने प्रक्रिया, मापदण्ड र कार्यविधि तयार गर्न प्रतिनिधि माग भइआएकोमा कार्यसमिति सदस्य श्री कृष्ण ज्ञवालीलाई संस्थाको प्रतिनिधि तोक्ने ।
- संस्थाको रणनीतिक योजना, २०१८/२०२२ का केही प्राथमिकता कार्यान्वयन गर्न संस्थाका सदस्यहरूको सहयोग लिनेसम्बन्धी प्रस्तुत गरिएको प्रारम्भिक अवधारणा स्वीकृत गर्दै सो अवधारणा कार्यान्वयन गर्न अध्यक्षद्वारा सम्बद्ध सदस्यहरूलाई अनुरोध गर्ने ।
- भ्रष्टाचारविरुद्धको चित्रकला प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र सान्त्वना पुरस्कारहरू प्रदान गरिएका चित्रहरू वि.सं. २०७६ को संस्थाको क्यालेण्डरमा प्रयोग गर्ने ।
- फागुन २०७५ बाट लागू हुने गरी कर्मचारीहरूको अवकाश कोष (Retirement Fund) को २० प्रतिशत रकम कर्मचारी सञ्चयकोषमा र बाँकी नागरिक लगानी कोषमा जम्मा गर्ने ।
- संस्थाको नियमबमोजिम नियुक्तिसम्बन्धी प्रक्रिया पूरा गरिएकाले OC4H परियोजनाको संयोजकमा तुम्बुरु गौतमलाई नियुक्त गर्ने । साथै, कार्यक्रम अधिकृतमा रंजिता कुमारी चौधरीलाई नियुक्त गर्ने ।
- कार्यकारी निर्देशकको प्रस्तावबमोजिम क्रमशः विभिन्न मितिमा आईपीईआरआर कार्यक्रमअन्तर्गत वरिष्ठ अधिकृत बिनोद भट्टराई र जिल्ला अधिकृतत्रय जुनु ढकाल, कमला राना, शारदा नेपाली (भारत), वरिष्ठ अधिकृत दिनानाथ भट्टराई र जिल्ला अधिकृत त्रय प्रमिला थिङ्ग, सानुबाबु तिमिल्सिना र गंगा घिमिरे (भारत), ओसीफोरएच परियोनाअन्तर्गत संयोजक तुम्बुरु गौतम र कार्यक्रम आधिकृत सम्राट रायमाझी (साउथ अफ्रिका) र एलाक आउटरिचअन्तर्गत कार्यकारी निर्देशक, वरिष्ठ अधिकृतद्वय ठमनाथ घिमिरे र बबिता शर्मा (थाइल्याण्ड) मा परियोजना कार्यक्रम/तालिममा सहभागी हुने । सहभागितासम्बन्धी खर्च आयोजककै रहने वा परियोजना बजेटभित्र रहने ।

## कार्यसमितिको पहल र सक्रियता

२३ औं साधारणसभाबाट निर्वाचित कार्यसमितिद्वारा सक्रियतापूर्वक सरकार, संसद्, न्यायालय, संवैधानिक निकायलगायत अन्य सरोकारवालालाई भ्रष्टाचार निवारण र सदाचार प्रवर्द्धनमा पत्र, प्रेस वक्तव्य, अन्तर्क्रिया र भेटघाटमार्फत् सुधारका लागि ध्यानाकर्षण गराइएको छ ।

## केही मुख्य नीतिगत विषयमा ध्यानाकर्षण पत्राचार

### अनुसन्धान प्रक्रियामा प्रभाव नपारौं

संस्थाद्वारा 'अनुसन्धान प्रक्रियामा प्रभाव नपारौँ' भन्ने विषयमा केन्द्रित भई सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई पत्राचार गरिएको छ । पत्रमा नेपाल सरकारद्वारा गठित पूर्वसचिव शारदाप्रसाद त्रिताल नेतृत्वको जाँचबूझ समितिले दिएको प्रतिवेदन र त्यसपछि विकसित परिस्थितिप्रति संस्थाको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ । पत्रमा जग्गा प्रकरणका सम्बन्धमा कुनै पनि सम्भावित अभियुक्तलाई उम्काउने अभिप्रायले अख्तियार दुरुपयोग अनुन्धान आयोग वा अन्य सम्बन्धित निकायहरूको स्वतन्त्र र निष्पक्ष अनुसन्धान प्रक्रियामा कसैबाट पनि अनुचित दवाब पर्न जाने गरी कुनै पनि प्रकारका कामकारबाही र व्यवहार हुन गर्न नदिन नेपालसरकारसमक्ष माग गरिएको छ । पत्रमा सदाचार पद्धतिको प्रवर्द्धन गर्दै आम-जनतामा समानता, निष्पक्षता र न्यायको अनुभूत हुने गरी सर्वोच्च अदालतलगायत सबै न्यायिक निकायहरूबाट ठोस, पारदर्शी र उपलब्धीमूलक प्रक्रिया र पद्धतिको विकास गरियोस् भन्ने उल्लेख गरिएको छ ।

### सभामुखलाई ज्ञापनपत्र

अध्यक्ष खेमराज रेग्मीको नेतृत्वमा गएको एक प्रतिनिधिमण्डलद्वारा प्रतिनिधिसभाका सम्माननीय सभामुख कृष्णबहादुर महरालाई भेटेर ज्ञापन-पत्र बुझाइएको छ । सांसद, संसदीय समितिका सभापतिहरू र माननीय मन्त्रीहरूसमेतलाई उल्लेख गरी काठमाडौंमा नीजि घर हुँदाहुँदै पनि अनियमित र गैरकानूनीरुपमा घरभाडा लिने गरेको, स्वकीय सचिवलगायत समितिको सचिवालयका अन्य कर्मचारीसमेतको नियुक्ति नै नगरी निजको पारिश्रमिक तथा अन्य सुविधा पनि आफ्नै खातामा जम्मा गर्ने/गराउने गरेको, कानूनले पाउनेभन्दा निकै नै बढी तीन-चारवटासम्म सवारीसाधन प्रयोग गर्ने गरेकोजस्ता प्रकृतिका समाचारहरू सञ्चारमाध्यममा निरन्तर र व्यापकरुपमा प्रकाशित भइरहेकोमा यस्ता विकृति नियन्त्रण गर्न माग गरिएको छ । सभामुख कृष्णबहादुर महराले संस्थाले उठाएका विषयप्रति आफ्नो ध्यानाकृष्ट भएको र यसमा निकट भविष्यमै अनुभूति हुने गरी क्रियाशील रहने प्रतिवद्धता जनाउनुभएको छ ।



*सम्मानीय सभामुखलाई ज्ञापनपत्र प्रस्तुत गर्दै*

### प्रधान न्यायाधीशलाई ज्ञापनपत्र

अध्यक्ष खेमराज रेग्मीको नेतृत्वमा एक प्रतिनिधिमण्डलद्वारा सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर जबरासँग भेट गरि ज्ञापनपत्र बुझाइएको छ । प्रधान न्यायाधीश जबरासँगको भेटघाटमा न्यायापालिकाको आधारस्तम्भ जनताको आस्था र विश्वास नै हो तसर्थ, न्यायापालिकाभित्र रहेका विकृति र विसङ्गतिका क्षेत्र र छिद्र पत्ता लगाई नियन्त्रणका लागि कठोर उपाय अवलम्बन गरियोस् भनी ध्यानाकर्षण गराइएको छ । न्यायपालिकाभित्र सदाचार प्रवर्द्धन गर्न भ्रष्टाचार न्यूनीकरण, विचौलियाहरूको नियन्त्रण, न्यायपालिकाको स्वाधिनता रक्षा, योग्य तथा इमान्दार न्यायाधीशलाई प्रोत्साहनलगायतका विषयमा केन्द्रित रहन प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर जबरासमक्ष संस्थाको धारणा प्रस्तुत गरिएको छ । न्यायालय सदाचार प्रवर्द्धन गराउन आफू सधैं सक्रिय रहने प्रतिवद्धता प्रधान न्यायाधीशबाट प्राप्त भएको छ ।



*सम्माननीय प्रधान न्यायाधीशलाई ज्ञापनपत्र बुझाउँदै*

## सूचना प्रणाली आधुनिकीकरणमा प्रतिस्पर्धा

संस्थाद्वारा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्बोधन गरेर पत्रमार्फत् सरकारी निकायहरूको सूचना प्रणाली आधुनिकीकरण गर्ने क्रममा स्मार्ट लाइसेन्स तथा राहदानी छपाईलगायतका कार्यहरू प्रचलित कानूनविपरीत विना प्रतिस्पर्धा मन्त्रिपरिषद्को निर्णय गराई ठेक्कामा दिइएको वा दिने तयारीमा रहेको जानकारी सार्वजनिक भएकोमा गम्भीर ध्यानाकृष्ट भएको जनाइएको छ। सार्वजनिक खरिद ऐन तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनबमोजिम सम्बन्धित कम्पनीहरूको बीचमा प्रतिस्पर्धा नगराई ठेक्का दिइएको वा दिन लागिएको हो/होइन सो सम्बन्धमा वास्तविक जानकारी आम-नागरिकसामु प्रस्तुत गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आग्रह गरिएको छ। साथै, भ्रष्टाचारमा शून्यसहनशीलता अपनाउने सरकारको प्रतिवद्धताविपरीत मन्त्रिपरिषद्को निर्णयमात्रको आधारमा अपारदर्शी तरिकाले कानूनको बर्खिलाप हुने गरी ठेक्काहरू दिइएको हो भने त्यस्ता निर्णय यथाशीघ्र सच्याइनु पर्दछ र सोसम्बन्धी अन्य ठेक्कापट्टाहरू प्रतिस्पर्धा गराएर मात्र दिइनुपर्दछ भनी माग गरिएको छ।

## पुनर्निर्माण प्राधिकरणको ध्यानाकर्षित होस्

पुनर्निर्माण प्राधिकरणको ध्यानाकर्षण गर्नका लागि प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतलाई सम्बोधन गरी पत्राचार गरिएको छ । भूकम्पबाट अतिप्रभावित १४ जिल्लाहरूमध्ये अधिकांश जिल्लाहरूमा सञ्चालन भइरहेको निर्माणसँग सम्बन्धित कार्यहरूको अध्ययन गर्दा अन्य कुराहरूका अलावा खासगरी विकृतिका रुपमा एककोठे भवन निर्माण भइरहेकोले सो सम्बन्धमा प्राधिकरणको ध्यानाकर्षण गराइएको छ। पत्रमार्फत् नेपालीहरूको सदाचारयुक्त व्यवहारमा आँच आउन नदिन, स्वदेशी तथा विदेशी सहयोगको अधिकतम् सदुपयोग गर्न तथा दातृ संस्थाहरूको सद्भाव र सहयोग निरन्तर कायम राख्न पुनर्निर्माण सम्बन्धी केही नीतिगत कमी-कमजोरीहरू सच्याउनुपर्ने तर्फ गम्भीर हुन १२ बुँदे सुझाव प्रस्तुत गरिएका छ। हालै यस विषयमा प्राधिकरणबाट आफ्ना केही कार्यविधि र प्रक्रियाहरू संशोधन गरिएको छ।



*अध्यक्ष र उपाध्यक्ष, माननीय सांसद र प्राधिकरणका प्रमुखसँग अन्तर्क्रियामा, काठमाडौं*

## पुनर्निर्माणमा बैङ्किङ क्षेत्रको भूमिका

नेपाल बैंकर्स एशोसिएसनसंग पुनर्निर्माणमा बैङ्किङ क्षेत्रको भूमिकाकाबारेमा केन्द्रित रहेर गरिएको छलफलका १२ वटा निष्कर्ष कार्यान्वयका लागि पठाइएको छ। जसमा पुनर्निर्माणको कार्य सफल बनाउन, भूकम्पपीडितका नीजि आवास समययमै निर्माण गर्ने वातावरण बनाउन सेवा सरलरुपमा प्रवाह गर्न, ऋणबारे स्पष्ट हुन तथा अन्य विविध विषयमा बैंकहरूको भूमिका महत्वपूर्ण रहेको तर्क औंल्याइएको छ। बैंकहरूको छाता सङ्गठनका नाताले नेपाल बैंकर्स एशोसिएसनमार्फत् बाणिज्य बैंकहरूसमक्ष छलफलको निष्कर्ष कार्यान्वयन गर्न आवश्यक पहल गर्न अनुरोध गरिएको छ।

## सूचनाको हकबारे तुलनात्मक अध्ययन र टीआईको सुझाव

ट्रान्सपरेन्सी इन्टरनेशल (वर्लिन)ले सूचनाको हकसम्बन्धमा गरेको तुलनात्मक अध्ययन प्रतिवेदन अध्ययन प्रयोजनका लागि राष्ट्रिय सूचना आयोगकालाई उपलब्ध गराइएको छ। उक्त प्रतिवेदनले एसिया प्यासिफिक क्षेत्रका देशहरूमा रहेका सूचनाको हकसम्बन्धी कानूनको तुलनात्मक अध्ययन गरी नेपालका सम्बन्धमा निम्नानुसार सिफारिस गरेकामा सो आयोगलाई सुझाइएको छ।

- सूचना माग्नुको विस्तृत आधारहरू खुलाउनुपर्ने प्रावधान हटाऔं।
- सूचना माग गर्नेले स्वेच्छाले दिएको सम्पर्क विवरण बाहेकका व्यक्तिगत विवरणहरू राख्नुपर्ने प्रावधान हटाऔं र सूचना प्राप्त गर्न दिइने बेनामी अनुरोधहरूलाई पनि स्वीकार गरौं।
- सूचना प्रवाह नगर्ने भनी अपवादका रुपमा सूचीकृत प्रत्येक अपवादको क्षति परीक्षण (Harm Test) र सम्पूर्ण अपवादको सार्वजनिक चासो परीक्षण (Public Interest Test) गर्न सुरु गरौं।
- सूचना माग गर्दा र उपलब्ध गराउँदा अवलम्बन गरिएका उपाय सम्बद्ध विवरण सङ्कलन गरी वार्षिकरुपमा प्रकाशन गरौं।

## केही मुख्य नीतिगत विषयमा प्रेस विज्ञप्ति

### विश्वविद्यालयका उपकुलपतिलगायतका पदाधिकारीहरूको नियुक्ति

संस्थाले केही समययता विभिन्न विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष तथा रजिष्ट्रारलगायतका उच्च पदाधिकारीहरूको नियुक्ति योग्यता कार्यक्षमता र इमान्दारिताका आधारमा नभई राजनीतिक आस्था र संलग्नताका आधारमा गरिन लागेको समाचार विभिन्न सञ्चारमाध्यममा आउन थाले पछि संस्थाको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ। विश्वविद्यालयको नेतृत्व गर्ने पदाधिकारीहरूको चयन नितान्त प्राज्ञिक सक्षमता, नेतृत्वदायी कौशलता र सदाचारको मापदण्डबाट निर्देशित भई गरिनुपर्नेमा जोड दिइएको छ। पदाधिकारीहरूले वहन गर्ने बौद्धिक एवं प्राज्ञिक विषयगत एवं संस्थागत जिम्मेवारीका कारण लाखौँ विद्यार्थी, सोधार्थी, प्राध्यापक एवं अन्वेषकहरूका लागि स्वीकार्य, सम्मान्य, प्रेरक, उदाहरणीय र अनुकरणीय व्यक्तित्व हुनुपर्दछ। अनिमात्र विश्वविद्यालयको गरिमा, मर्यादा, प्रतिष्ठित र पुनर्स्थापित हुन जान्छ। अतः विश्वविद्यालयका उपकुलपतिलगायतका पदाधिकारीहरूको नियुक्ति, राजनीतिक आग्रह, पूर्वाग्रहभन्दा माथि उठेर 'सर्च कमिटी'ले स्वतन्त्र निष्पक्ष र इमान्दारीपूर्वक छनोट तथा सिफारिस गर्न सक्ने सहज र अनुकूल वातावरण सिर्जना गरिदिन नेपाल सरकारलगायत सम्बन्धित सरोकारवालाहरूको प्रेश विज्ञप्ति र पत्रमार्फत् प्रधानमन्त्रीलाई संस्थाद्वारा ध्यानाकर्षण गराइएको छ।

### बालुवाटारको सरकारी जग्गा हिनामिनासम्बन्धी प्रकरण




प्रधानमन्त्री निवास बालुवाटारको सरकारी जग्गा व्यक्तिका नाममा बेचबिखन गरी हिनामिना गरेको सन्दर्भमा पूर्वसचिव श्री शारदा प्रसाद त्रिताल प्रतिवेदनले औंल्याएका व्यक्तिहरूउपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्यूरोसमेतले गहन अनुसन्धान गरिरहेको विषयप्रति यस संस्थाको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ। यसै सन्दर्भमा सो सरकारी जग्गा व्यक्तिका नाममा हक हस्तान्तरण हुने गरी अनियमित तथा गैरकानुनी निर्णय गर्न गराउन कतिपय जिम्मेवार कर्मचारीहरूसहित पूर्व प्रधानमन्त्री तथा मन्त्रीहरूसमेतको प्रत्यक्ष संलग्नता रहेको विषय विभिन्न सञ्चारमाध्यमहरूमा आइरहेको हुँदा यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट स्वतन्त्र, निष्पक्ष र निर्भिकतापूर्वक अनुसन्धानकार्य सम्पन्न गरी दोषीहरूलाई कानूनी कारबाहीको कठघरामा उभ्याइनु पर्दछ भन्ने धारणा सार्वजनिक गरिएको छ।

भ्रष्टाचारका घटनाहरूमा प्रायः कर्मचारीहरूमाथि दोष थोपरेर राजनीतिक नेतृत्व सधैँ उम्कने विडम्वनापूर्ण स्थिति रहेको, विभिन्न अध्ययन तथा अनुसन्धानबाट राजनीतिक पक्ष नै भ्रष्टाचारको मूल कारक हो भन्ने प्राप्त निष्कर्षलाई आत्मसात गर्दै राजनीतिक नेतृत्वबाट हुने भ्रष्टाचार नियन्त्रणका लागि सम्बन्धित सबै पक्ष थप कठोर हुन बालुवाटारको सरकारी जग्गा हिनामिना प्रकरणमा संलग्न राजनीतिक पदाधिकारीलगायत सबै कानूनी कारबाहीबाट उन्मुक्ति नपाउने व्यवस्थाका लागि सम्बन्धित सबैसँग प्रेश विज्ञप्तिमार्फत् माग गरिएको छ।

### अनुदार मिडिया काउन्सिलको व्यवस्था नगरौं

प्रेस स्वतन्त्रता लोकतन्त्रका लागि अनिवार्य र आधारभूत शर्त रहेको उल्लेख गर्दै संसद्मा दर्ता गराइएको मिडिया काउन्सिलसम्बन्धी विधेयकमा समावेश गरिएका कतिपय प्रावधानहरूले स्वतन्त्र प्रेससम्बन्धी विश्वव्यापी मान्यताहरूलाई वेवास्ता गर्दै नियन्त्रित प्रेसको अवधारणालाई बढावा दिएको प्रतीत भएको धारणा सार्वजनिक गरिएको छ। विभिन्न वहानामा स्वतन्त्र प्रेसमाथि अंकुश लगाउने गरी कडा दण्ड-सजायका प्रावधानहरूसहित अनुदार मिडिया काउन्सिलको व्यवस्था गरिनु लोकतान्त्रिक व्यवस्थाका लागि शुभसूचक होइन, अतः राज्य प्रणालीलाई अझ बढी पारदर्शी तथा जिम्मेवार बनाउन पनि नेपाल सरकारले पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता अनुभूति गराओस् भनी प्रेश विज्ञप्तिमार्फत् माग गरिएको छ।

### करारका शिक्षकलाई स्वतः स्थायी किन ?

त्रिभुवन विश्वविद्यालयअन्तर्गत करारमा काम गरिरहेका शिक्षकहरूलाई स्वतः स्थायी गर्नेजस्ता खबरहरू सार्वजनिक सञ्चारमाध्यमबाट अवगत हुन आएकाले त्यससम्बन्धमा संस्थाको ध्यानाकृष्ट भएको जनाइएको छ। करार, अस्थायी र

आंशिक प्राध्यापन गर्ने गरी नियुक्त भएका शिक्षकहरूलाई स्वतः वा निश्चित कोटा छुट्याएर स्वच्छ प्रतिस्पर्धा विना अपारदर्शीढङ्गबाट सामान्य प्रक्रिया पुर्‍याई, सीमित व्यक्तिहरूका बीचमा मात्र प्रतिस्पर्धा गराई, स्थायी गर्ने प्रक्रिया अप्रजातान्त्रिक र असंवैधानिक रहेकाले कानूनी राज्यमा हुने समानताको हकको सुनिश्चितताको आधारमा मात्र विश्वविद्यालयअन्तर्गतका शिक्षकहरूको स्थायी गर्ने व्यवस्था हुने स्थिति सिर्जना गर्न प्रेश वक्तव्यमार्फत् माग गरिएको छ ।

### अविलम्ब सम्झौता कार्यान्वयन गरी जीवन रक्षा गरौं

स्वास्थ्य सेवा र चिकित्सा शिक्षाका क्षेत्रमा विद्यमान विकृति र विसङ्गतिहरूका विरुद्ध लामो समयदेखि सत्याग्रहका माध्यमबाट अवनरत संघर्ष गर्दै आउनुभएका डा. गोविन्द केसी सरकारसँग भएका सम्झौताअनुरुप आफ्ना मागहरू पूरा नभएको कारणबाट पुनः आमरण अनसनमा रहनुभएको खबरले यस संस्थाको गम्भीर ध्यानाकृष्ट भएको जनाइएको छ । स्वास्थ्य सेवा तथा चिकित्सा शिक्षालाई थप गुणस्तरीय बनाउनुपर्ने सम्बन्धमा सत्याग्रही र प्रधानमन्त्रीका बीचमा भएको सम्झौता कार्यान्वयन नहुनु र सम्झौतालाई तत्कालीन परस्थितिको उपज थियो भन्ने अभिव्यक्ति प्रधानमन्त्रीबाट आउनुमा खेद व्यक्त गरिएको छ । चिकित्सा शिक्षाको गुणस्तर कायम राख्न र लोकतान्त्रिक सरकारका प्रमुखले गरेका तथा भविष्यमा गरिने सम्झौताप्रति जनताको विश्वसनीयता कायम राखिरहन पनि डा. गोविन्द केसीसँग भएका सम्झौताहरू अविलम्ब कार्यान्वयन गरी निजको जीवन रक्षा गर्न टीआई नेपाल नेपाल सरकारसँग प्रेश वक्तव्य मार्फत माग गरिएको छ । साथै, सत्याग्रहप्रति समर्थन जनाउन सोही समयमा डा. केसीलाई भेट पनि गरिएको छ ।

### सैनिक नेतृत्वको सकारात्मक पहल

नेपाली सेनालाई पारदर्शी र सुशासनयुक्त संस्थाका रुपमा अघि बढाउन वर्तमान नेतृत्वबाट देखाइएको सकारात्मक र सक्रिय पहलको प्रशंसा गर्दै यसले निरन्तरता पाउने विश्वास सार्वजनिक गरिएको छ । सैनिक भर्नाका क्रममा भएका अनियमिततामा संलग्न सैनिक अधिकृतहरूसहित अन्य दोषीहरूलाई सैनिक अदालतमार्फत् सेवाबाट बर्खास्त एवं ६ वर्षसम्म कैदसजाय गरिनु, मापदण्डविपरीत भर्ना गरिएका एक सयजनाभन्दा बढी सैनिकहरूलाई बर्खास्त गरिनु, तीनकरोड रुपैयाँभन्दा बढी लेनदेन भएको घुसको रकम फिर्ता गरी राजस्वमा दाखिला गरिनु भ्रष्टाचार नियन्त्रण गर्ने र सुशासन कायम राख्ने अभियानमा सकारात्मक पक्ष रहेको धारणा प्रेश वक्तव्य र सेनापतिलाई प्रेषित पत्रमा उल्लेख गरिएको छ ।

### आयुक्तलाई भ्रष्टाचारको अभियोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्तमाथि भ्रष्टाचारको अभियोग लाग्नु र महाभियोग दण्ड-सजायबाट छुटकारा पाउन सकिन्छ कि भन्ने ध्येयले तत्काल राजीनामा दिएको घटनाप्रति ध्यान आकर्षित भएको जनाइएको छ । नियमनकारी निकायकै जिम्मेवार पदाधिकारी स्वयं घूस लेनदेनको अभियोगमा आरोपित हुनु मुलुककै लागि एउटा अत्यन्त लज्जास्पद र चुनौतिपूर्ण अवस्था हो तसर्थ कानूनी शासनप्रति विश्वास कायम राख्न, अपराध गरेवापत् तल्ला तह र तप्काका मानिसहरूमात्र दण्डित हुन्छन्, ठूला तहका अपराधीहरू यात उम्किन्छन् वा उम्काइन्छन् भन्ने मान्यतालाई भत्काउन र दण्डहीनताको संस्कृति समाप्त गरी समन्यायको वातावरण सिर्जना गर्न पनि सम्पूर्ण राज्य व्यवस्था सक्रिय र चनाखो रहोस् भनी सम्वद्ध पक्षको ध्यानाकृष्ट गराइएको छ ।

## भेटघाट



### टीआई नेपाल र अख्तियारका पदाधिकारीबीच भेटघाट

अध्यक्ष खेमराज रेग्मीको नेतृत्वमा रहेको कार्यसमिति सदस्यहरूको प्रतिनिधिमण्डलले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरे एवं अन्य आयुक्तसँग भेटघाट गरेको छ । भेटघाटका अवसरमा देशमा सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणसम्बन्धी समसामयिक विषयवस्तुहरूमा

छलफल गरिएको थियो । भेटघाट मूलतः नीतिगत भ्रष्टाचार नियन्त्रण, आवश्यक कानूनी सुधार, अध्ययन अनुसन्धान, संयुक्त राष्ट्र संघीय भ्रष्टाचारविरोधी महासन्धी कार्यान्वयन, भ्रष्टाचारविरुद्धको दिवस, लक्ष्य र सहकार्यजस्ता विषयमा केन्द्रित रहेको थियो । उल्लिखित विषयकाबारेमा दुई संस्थाका धारणा आदान/प्रदान गरिएको छ ।

### टीआई नेपाल र प्राधिकरणका प्रतिनिधिबीच भेटघाट

अध्यक्षको नेतृत्वमा रहेको एक प्रतिनिधिमण्डलले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीसँग भेटघाट गरेको छ। भूकम्पपछिको पुनर्निर्माण कार्यको संयोजन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गरिरहेको र पुनर्निर्माणकार्य थप पारदर्शी र जवाफदेही बनाउन अति प्रभावित १४ जिल्लामा क्रियाशील रहेको यस संस्था बीच भएको भेटघाटका अवसरमा पुनर्निर्माणसम्बन्धी कार्यको सफलता र चुनौतिबारे छलफल भएको थियो। विभिन्न जिल्लामा सानो परिवार बसोवास गर्नसमेत उपयुक्त नदेखिएका एककोठे घरको तीव्र निर्माण रोक्न तथा अन्य ११ विषयमा ध्यानाकृष्ट गर्न प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतलाई ध्यानाकर्षण गरिएकोमा प्राधिकरणद्वारा सोसम्बन्धी नीति परिवर्तन गरिएको छ।




*सरकारी निकायहरूसँग छलफल*

### सरकारी निकायका पदाधिकारीसँग छलफल

सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणको एजेन्डामा प्रत्यक्ष जिम्मेवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशक, राजस्व अनुसन्धान विभागका महानिर्देशक र राष्ट्रिय सतर्कता केन्द्रका प्रतिनिधिसँग छलफल गरिएको छ। छलफल सुशासन, सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणको एजेन्डालाई थप प्रभावकारी बनाउने र आवश्यकता बमोजिम आपसी समझदारी कसरी बढाउने भन्ने विषयमा केन्द्रित रहेको छ।



*प्राधिकरण प्रमुख र निर्देशक समितिसँग भेटघाट*

### सञ्चारकर्मीसँग कार्यसमिति

भ्रष्टाचारविरोधी नागरिक संस्थाका रुपमा आफ्नो उपस्थिति देखाएको यस संस्थाका अध्यक्षलगायत अन्य पदाधिकारीहरूलाई काठमाडौं र जिल्ला स्थित धेरै सञ्चार माध्यमका प्रतिनिधिहरूबाट विभिन्न समय सापेक्ष विषयमा धारणा, अन्तर्वार्ता, सम्वाद र लेखका लागि अनुरोध हुने गरिएको संदर्भमा यस्ता सञ्चार माध्यममा सक्रिय सहभागिता रहदैआएको छ । यसबाट भ्रष्टाचार विरोधी जनमत निर्माण हुने कार्यमा सहयोग पुगेको छ ।




*राष्ट्रिय दैनिकमा टीआई नेपाल पदाधिकारी*

यसै क्रममा अध्यक्ष खेमराज रेग्मीको नेतृत्वमा एक प्रतिनिधिमण्डलले अन्नपूर्ण पोष्ट दैनिकका प्रधान सम्पादक हरिबहादुर थापासँग भेटघाट एवं छलफल गरेको छ। सुशासन कायम गर्ने र भ्रष्टाचारविरुद्धको अभियानमा के-कस्ता सहयोग आदान-प्रदान गर्न सकिन्छ त्यसबारेमा छलफल गर्ने उद्देश्यले भेटघाट भएको छ। भेटघाटकै क्रममा प्रधान सम्पादक थापाले आम-नागरिकका समस्याबारे टीआई नेपालले गहन तवरले अध्ययन/अनुसन्धान गरी अघि बढ्न र सञ्चारकर्मीसँग निरन्तर भेटघाट एवं छलफल गर्ने हो भने अन्नपूर्ण दैनिक सहयोग र सहकार्य गर्न तयार रहेको बताउनुभएको छ।

अध्यक्ष खेमराज रेग्मीको नेतृत्वमा नेपाल रिपब्लिक मेडिया प्रालिका प्रबन्ध निर्देशक एवं नागरिक दैनिक र रिपब्लिका दैनिकका सम्पादकहरूसँग पनि भेटघाट गरिइएको छ। देशमा भ्रष्टाचार बढ्दो अवस्थामा रहेको, यस्तो बेला मिडियाको भूमिका सशक्त बनाउन सके मुलुकले सही मार्ग पहिल्याउन सक्ने नभए लोकतन्त्र नै खतरामा पर्ने भएकाले नागरिक समाज र सञ्चारमाध्यमबीच सहकार्य आवश्यकता छ भनी छलफल गरिएको छ। भेटघाटका क्रममा प्रबन्ध निर्देशक विनोदराज ज्ञवालीले मुलुकमा नीतिगत र संस्थागत भ्रष्टाचार बढिरहेको र यसले प्रवृत्तिकै रुप लिइएकोले सञ्चारमाध्यमले आवाज उठाउँदा पनि सरकारले सुनिरहेको छैन भनी औंल्याउनुभएको छ।

**स्थापना दिवस**

२०७६ भदौ ३ गतेको दिन आफ्नो स्थापनाको २३ औं वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको अवसरमा संस्थाद्वारा 'सुशासन र राजनीतिक सदाचार' सम्बन्धमा एक विचार गोष्ठीको आयोजना गरिएको छ। कार्यक्रममा मुख्य अतिथिका साथै वक्ताको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त माननीय श्री नवीनकुमार घिमिरे र विशेष अतिथिहरूमा महालेखा-परीक्षक माननीय श्री टंकमणि शर्मा, त्रिविका पूर्वउपकुलपति श्री केदार भक्त माथेमा, अन्नपूर्ण दैनिकका प्रधान सम्पादक श्री हरिबहादुर थापा रहनुभएको थियो। कार्यक्रममा सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरू, विज्ञ तथा अनुसन्धानकर्ता, नागरिक समाजको सम्मानीत व्यक्तित्वहरूलगायत अन्य विभिन्न तह र तप्काबाट सहभागिता रहेको थियो। कार्यक्रममा सञ्चारमाध्यमको पनि विशेष उपस्थिति रहेको थियो। राजनितिक सदाचार भएमात्र सुशासन कायम हुने निष्कर्श प्रमुख वक्ता र सहभागीको रहेको छ।



*ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको स्थापना दिवस कार्यक्रम*

## कार्यसमितिको २० जिल्ला भ्रमण, अन्तर्क्रिया र अवलोकन

संस्थाका अध्यक्ष, कार्यसमिति पदाधिकारी र सदस्यहरू काठमाडौं उपत्यकाभित्र र बाहिर सञ्चालन भइरहेका विभिन्न गतिविधिमा उपस्थित भई संस्थाको प्रभावकारिता बढाउन सहयोग पुगेको छ। भ्रमणको सारसंक्षेप तल प्रस्तुत गरिएको छ :

| पदाधिकारी, कार्यसमिति तथा सदस्य | उपस्थिति | उद्देश्य | समयावधि |
|---|---|---|---|
| अध्यक्ष खेमराज रेग्मी, उपाध्यक्ष सबिता भण्डारी बराल, महासचिव मुकुन्द बहादुर प्रधान, कार्यसमिति सदस्य सुरेन्द्र वीर मालाकार, कार्यसमिति सदस्य आर्या श्रेष्ठ, तत्कालिन अध्यक्ष श्री हरि अर्याल तथा महासचिव पद्मिनी प्रधानाङ्ग | ललितपुर, भक्तपुर, नुवाकोट, काठमाडौं, रसुवा, धादिङ, रामेछाप, दोलखा, मकवानपुर, गोरखा, सिन्धुपाल्चोक, चितवन, कास्की | जनप्रतिनिधिसँग छलफल, संयुक्त विद्यालय बैठक, सदाचार प्रतिवद्धतामा हस्ताक्षर, व्यवसायीसँग छलफल, सरोकारवालासँग छलफल, कार्यक्रम समिक्षा, आवद्ध संस्था भेला | २०७५ असोज-पुस |
| अध्यक्ष खेमराज रेग्मी, उपाध्यक्ष सबिता भण्डारी बराल, महासचिव मुकुन्द बहादुर प्रधान, कोषाध्यक्ष किरण थापा, कार्यसमिति सदस्य सुरेन्द्र वीर मालाकार, कार्यसमिति सदस्य बुद्धि नारायण श्रेष्ठ, कार्यसमिति सदस्य आर्या श्रेष्ठ, कार्यसमिति सदस्य सिताराम अग्रहरी, सदस्य, चन्द्रेश्वर आचार्य | काभ्रेपलाञ्चोक, मकवानपुर, सिन्धुपाल्चोक, काठमाडौं, ललितपुर, भक्तपुर, दोलखा, ओखलढुंगा, रामेछाप, नुवाकोट, धादिङ, गोरखा, सिन्धुली, कैलाली, सुर्खेत, गुल्मी, बाँके, सिद्धार्थनगर | जनप्रतिनिधिसँग छलफल, सरोकारवालासँग छलफल, बैकरहरूसँग छलफल, व्यवसायीसँग छलफल, सरकारी भवन अवलोकन, पुनर्निर्माण सम्बन्धी नीति-नियम र खर्चबारे छलफल, पत्रकारसँग छलफल, सदाचार प्रतिवद्धतामा हस्ताक्षर, कार्यक्रम समिक्षा | २०७५ माघ-वैशाख २०७६ |
| अध्यक्ष खेमराज रेग्मी, महासचिव मुकुन्द बहादुर प्रधान, कार्यसमिति सदस्य आर्या श्रेष्ठ, कार्यसमिति सदस्य सीताराम अग्रहरी | काठमाडौं, ललितपुर, भक्तपुर, रामेछाप, सिन्धुली, ओखलढुंगा, कास्की | पत्रकारसँग छलफल, गैरसरकारी संस्थासँग छलफल, नीतिगत छलफल, विद्यार्थीहरूसँग छलफल, कार्यक्रम समिक्षा | २०७६ जेठ-साउन |

**समसायिक छलफल**

टीआई नेपाल देशमा एउटा प्रमुख नागरिक खवरदारी संस्थाका रुपमा स्थापित भएको सन्दर्भमा प्रमुख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूका प्रतिनिधीहरूले समसामयिक विषयहरूमा छलफल गर्न बेलाबेलामा भेटघाट हुने गरेको छ। यस्ता भेटघाट समसामयिक विषयमा केन्द्रित रहेका छन्। सुशासन र पारदर्शिता कायम गराउने पहलस्वरुप आफ्ना धारणा राख्न र सिफारिस गर्न नेपाल सरकारका विभिन्न विभागहरूसँग पनि नियमित भेटघाट चालु रहेको छ। यसबाहेक समसामयिक महत्वका विषयमा गोष्ठीहरूमार्फत् सम्वाद जारी राखिएको छ।

## विविध

### भ्रष्टाचारविरुद्धको चित्रकला प्रदर्शनी

संस्थाले भ्रष्टाचारविरुद्धको चित्रकला प्रदर्शनी आयोजना गरेको छ। आर्ट काउन्सिल बबरमहलमा आयोजित प्रदर्शनीमा ललितकला क्याम्पसमा अध्ययनरत तथा ख्यातिप्राप्त युवा कलाकारसमेत ६५ कलाकारहरूले तयार गरेको चित्रकला राखिएको थियो। प्रदर्शनीमा सहभागी ६५ युवा कलाकारहरूले बनाएको चित्रकलाहरूमध्येबाट उत्कृष्ट १२ चित्रहरू छनौट गरिएका छन्। उत्कृष्ट चित्रकला छनौट गर्नका लागि वरिष्ठ चित्रकार गोविन्द डंगोल र अध्यक्ष खेमराज रेग्मी सम्मिलित छनौट टोली बनाइएको थियो। भ्रष्टाचारविरुद्धको उत्कृष्ट चित्र बनाई उद्धवराज रिमाल पहिलो, कृष्ण लामा दोस्रो र साजन ह्यङ्ग्जु तेस्रो हुन सफल भएका छन्। पहिलो, दोस्रो र तेस्रो हुने कलाकारलाई क्रमशः १५ हजार, १० हजार र ५ हजार नगदसहित प्रमाण-पत्र दिइएको छ। यसैगरी, अन्य ९ जना कलाकारहरू अनिल महर्जन, निरज चित्रकार, लक्ष्मण भुसाल, सविन आचार्य, कमल श्रेष्ठ, विद्यामन तामाङ, रोजन खड्का, विवश राई, कृष्णादेवी महर्जनलाई सान्त्वना पुरस्कारस्वरुप प्रतिव्यक्ति २ हजार रुपैयाँ र प्रमाण-पत्र उपलब्ध गराइएको छ। बबरमहलस्थित आर्ट काउन्सिलमा आयोजना गरिएको चित्रकला प्रदर्शनी उद्घाटन ललितकला एकेडेमीका उपकुलपति के-के कर्माचार्यले गर्नुभएको हो



*चित्रकला प्रतियोगिताका विजेताहरूसँग टीआई नेपालका पदाधिकारी*

### २०७६ सालको भित्तेपात्रो (क्यालेन्डर)

संस्थाद्वारा संस्थाको नववर्ष २०७६ को भित्तेपात्रो (क्यालेन्डर) को समाग्री छनौट गरी प्रकाशन सम्पन्न गरिएको छ। क्यालेन्डरमा भ्रष्टाचारविरुद्धका चित्रकला प्रतियोगिताका पुरस्कृत १२ चित्रहरू प्रयोग गरिएका छन्। यी चित्रकलाले समाजमा सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा सघाउ पुग्ने विश्वास राखिएको छ।







*क्यालेन्डरका पुरस्कृत चित्रहरू*

## आवद्ध संस्था भेला



चितवनको सौराहामा संस्थामा आवद्ध रहेका संस्थाका प्रतिनिधिहरूसँग नीति तथा कार्यक्रमसम्बन्धमा छलफल आयोजना गरिएको छ। मोरङ, सुनसरी, उदयपुर, सिराहा, पर्सा, चितवन, सिद्धार्थनगर (रुपन्देही), गुल्मी, बाँके, दार्चुला, कैलाली, सुर्खेत, दाङ, कास्की, दोलखालगायतका १५ जिल्लामा क्रियाशील स्थानीय संस्थाका प्रतिनिधिहरूको कार्यक्रममा उपस्थिति रहेको थियो। भेलामा देशमा सुशासनको स्थिति नाजुक रहेको, स्थानीय सरकारमा विकृति बढेको र संस्थागत आवद्धता र अभियान अझ शशक्त बनाउनुपर्नेमा जोड दिइएको छ।

## सीपीआई २०१८ सार्वजनिक

संस्थाका अध्यक्षद्वारा २०७५ माघ १५ गते भ्रष्टाचार अवधारणा सूचकाङ्क २०१८ {Corruption Perception Index (CPI)- 2018} सार्वजनिक गरिएको छ। यस वर्षको सूचकाङ्कमा समावेश १८० देशमध्ये डेनमार्क कुल १०० मा ८८ अङ्क प्राप्त गरी सबैभन्दा कम भ्रष्टाचार हुने मुलुक भएको छ भने सोमालिया १० अङ्क प्राप्त गरी सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकको रुपमा सूचीकृत भएको छ। दक्षिण एशियाली राष्ट्रहरूमध्ये भुटान ६८ अङ्क प्राप्त गरी २५औं, भारत ४१ अङ्क प्राप्त गरी ७८ औं, श्रीलङ्का ३८ अङ्क प्राप्त गरी ८९औं, पाकिस्तान ३३ अङ्क प्राप्त गरी ११७ औं, मालदिभ्स ३१ अङ्क प्राप्त गरी १२४ औं, नेपाल ३१ अङ्क प्राप्त गरी १२४ औं, बङ्गलादेश २६ अङ्क प्राप्त गरी १४९ औं र अफगानिस्तान १६ अङ्क प्राप्त गरी १७२ औं स्थानमा रहेका छन्। छिमेकी मुलुक चीन ३९ अङ्क प्राप्त गरी ८७औं स्थानमा रहेको छ। सूचकाङ्कले नेपाल भ्रष्टाचार व्याप्त मुलुकको श्रेणीमा कायमै रहेको छ।



*सीपीआई २०१८ सार्वजनिकीकरण*

## शुभकामना आदान-प्रदान

निवर्तमान र नवनिर्वाचित कार्यसमितिका अध्यक्ष, पदाधिकारी र सदस्यहरूबीच एक शुभकामना आदान-प्रदान कार्यक्रम आयोजना गरिएको थियो। नवनिर्वाचित अध्यक्ष खेमराज रेग्मीले दुवै कार्यसमितिका पदाधिकारी र सदस्यहरूबीच सद्भाव अभिवृद्धि गर्ने कार्यक्रम आयोजना गरिएको बताउनुभयो भने महासचिव मुकुन्द बहादुर प्रधानले निवर्तमान पदाधिकारी र कार्यसमितिलाई धन्यवाद ज्ञापनका साथै वहांहरूका अनुभवहरू संस्था निरन्तरताको लागि फलदायी हुने बताउनु भएको थियो।

## मुख्य कार्यक्रमहरू र सञ्चालित गतिविधि

टीआई नेपालले आर्थिक वर्ष २०७५/०७६ मा निम्न कार्यक्रमहरूमार्फत् आफ्ना गतिविधि सञ्चालन गरेको छ :

**(क) एलाक आउटरिच (ख) आईपीईआरआर (ग) क्लाइमेट फाइनान्स गभर्नेन्स (घ) ओसीफोरएच**

एलाक आउटरिच संस्थाले सञ्चालन गरिरहेको नागरिक गुनासो सुनुवाई र समाधानका लागि गरिने पहल सम्बन्धि निरन्तरता हो । आईपीईआरआर भूकम्पबाट अति प्रभावित १४ जिल्लामा भूकम्पपछिको पुनःस्थापना र पुनर्निर्माणमा सदाचार प्रवर्द्धन गर्ने उद्देश्यसहित सञ्चालित छ। क्लाइमेट फाइनान्स कार्यक्रमले गभर्नेन्स जलवायु परिवर्तनसम्बन्धमा राज्यको खर्च व्यवस्थापनमा पारदर्शिता अभिवृद्धि गरिनुपर्ने कुरालाई जोड दिएको छ। साथै ओसीफोरएच स्वास्थ्यक्षेत्रको सार्वजनिक खरिद पारदर्शी बनाउने पहलमा केन्द्रित रहेको छ।

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले सञ्चालन गरेका चारवटा कार्यक्रमहरूमध्ये यस वर्ष एलाक आउटरिच र क्लाइमेट फाइनान्स समाप्त भएकोले प्रभाव मापनको काम समाज कल्याण परिषद्बाट सम्पन्न भइसकेको छ भने आईपीईआरआरको मध्यावधि प्रभाव मापन हाल चालु रहेको छ ।

## १. एलाक आउटरिच गतिविधि

सन् २०१६ देखि २०१९ सम्म सञ्चालन गरिएको एलाक आउटरिच कार्यक्रमअन्तर्गत गुनासो सङ्कलन, आम्दानी खर्च सार्वजनिकीकरण, सदाचार प्रतिवद्धता कार्यान्वयन बैठक, नागरिक संस्थाबीच बैठक, सदाचार प्रतिवद्धता कार्यान्वयन प्रतिवेदन सार्वजनिकीकरण, सार्वजानिक सेवा प्रवाह सर्वेक्षण र परियोजना समिक्षा बैठकजस्ता क्रियाकलाप सम्पन्न गरिएका छन् । यो कार्यक्रम चितवन, रुपन्देही, गुल्मी, कैलाली, सुर्खेत र कास्की गरी ६ जिल्लाहरूका सम्बन्धित आवद्ध संस्थाको सक्रिय सहयोग र समन्वयमा सञ्चालन गरिएको थियो ।

**एलाक आउटरिज अन्तर्गत सम्पन्न गतिविधि**
**श्रावन १, २०७५ देखि असार ३१, २०७६**

| क्रसं | गतिविधि | संख्या |
|---|---|---|
| १ | मोबाइल एलाक (गुनासो सङ्कलन) | ३२ |
| २ | बजेट ट्र्याकिङ (आम्दानी खर्च सार्वजनिकीकरण) | १३ |
| ३ | डीपी मिटिङ (सदाचार प्रतिवद्धता कार्यान्वयन बैठक) | २२ |
| ४ | डीपी एसेसमेन्ट रिपोर्ट (सदाचार प्रतिवद्धता कार्यान्वयन प्रतिवेदन सार्वजनिकीकरण) | ६ |
| ५ | एनजीओ अलाइन्स (नागरिक संस्थाबीच बैठक) | १३ |
| ६ | सार्वजनिक सेवा प्रवाह सर्वेक्षण | ६ |
| ७ | परियोजना समिक्षा बैठक | १ |
| | **जम्मा** | **९३** |

### क. गुनासो संकलन (मोबाइल एलाक)

एलाक आउटरिच अन्तर्गत गुनासो सुन्ने संयन्त्र ६ जिल्लामा सञ्चालन गरिएको छ। सरकारी कार्यालयमा हुने कमी-कमजोरीबारे सेवाग्राहीलाई गुनासो गर्ने काममा प्रोत्साहित गर्ने र त्यस्ता विषयहरूमा कानुनी तथा अन्य परामर्श दिइएको छ। समस्याग्रस्त ठानिएका क्षेत्र अर्थात् सार्वजनिक सेवाप्रवाह गर्ने कार्यालय परिसरमै गई हेल्पडेस्क र मोबाइल एलाक सञ्चालन गरी नागरिकको गुनासो सुन्ने र समाधान गर्न कार्यालय प्रमुखसंग पहल गरिएको छ। जिल्लामा संकलन गरिएका गुनासो सम्बन्धित निकाय, विभाग तथा मन्त्रालयहरूसँग समन्वय गरी समाधानार्थ सुझाव दिइएको छ। यसरी सम्पन्न गरिएका मोबाइल एलाकमा जम्मा १९०६ गुनासा प्राप्त भएका थिए। गुनासोको प्रकृति क्रमशः ढिलासुस्ती, नातावाद, पारदर्शितामा कमी, सूचनाको हकबाट वञ्चित गराउन खोज्ने किसिमका रहेका छन् ।

### ख. सार्वजनीक सुनुवाई तथा बजेट ट्र्याकिङ

सेवाग्राही र सेवाप्रवाह गर्ने निकायबीचको प्रत्यक्ष छलफल, पारदर्शिता प्रवर्द्धन र जवाफदेहिता अभिवृद्धिका लागि ६ जिल्लाहरूमा सुनुवाई सम्पन्न गरिएको छ। सुनुवाईमा मुख्यतः ढिलासुस्ती, नातावाद, पारदर्शितामा कमी, सूचनाको हकबाट वञ्चित गराउन खोज्ने किसिमका विषयहरूमा सरोकारवाला र सेवाग्राहीबीचमा प्रत्यक्ष छलफल तथा सहजीकरण गरिएको छ। साथै, सार्वजनिक चासोमा रहेको बजेट तथा खर्चको सामाजिक परीक्षणको कार्य सरोकारवाला, उपभोक्ता समिति, ठेकेदार र जिम्मेवार निकायबीच छलफल गरी पारदर्शिता अभिवृद्धि गर्ने ठोस पहल गरिएको छ।

### ग. विकास प्रतिवद्धता बैठक (डीपी मिटिङ)

सरकारी कार्यालयबाट जनतालाई दिइने सेवा चुस्त, दुरुस्त तथा जवाफदेहीपूर्ण तवरमा सम्पन्न गर्ने हेतुले ६ जिल्लामा सरकारी कार्यालयहरूसँग हस्ताक्षर गरिएको विकास प्रतिवद्धताको कार्यान्वयनको अवस्थाको सहजीकरण र अनुगमन गर्न ६ जिल्लामा डीपी बैठकहरू सम्पन्न गरिएका छन्। उक्त बैठकमा आवद्धसंस्था तथा सरकारी कार्यालयका प्रतिनिधिको सहभागितामा रहेको छ। बैठकले नागरिकबाट प्राप्त सुझावहरूको प्रकृति विश्लेषण गरी सम्बोधन गर्न सहयोग गरेको छ। साथै यसले सेवाग्राही र सेवाप्रवाह गर्ने निकायबीचको दूरीलाई घटाई भावी क्रियाकलापको योजना बनाउन सहयोग पुऱ्याएको छ।

### घ. डीपी सर्वे रिपोर्ट

पारदर्शिता, जवाफदेहिता र सुशासनलाई बढावा दिने हेतुले विकास प्रतिवद्धतामा हस्ताक्षर गरेका सरकारी कार्यालयहरूको काम-कारबाही, सेवा-सुविधाका सम्बन्धमा भएका सदाचार प्रयासहरूको अवस्था र समस्याका सम्बन्धमा स्वतन्त्र शोधकर्तामार्फत ६ जिल्लामा डीपी सर्वेक्षण सम्पन्न गरिएको छ। प्रशासनिक काम-कारबाही र सेवा सुविधाको अवस्था विश्लेषण, नागरिक सार्वजनिक सेवाको गुणस्तर बढाउन गरेको प्रयास, नागरिकले प्राप्त गरेको सेवाको सन्तुष्टि मापन गरी सम्बन्धित कार्यालय र सरोकारवालाबीच निश्कर्ष प्रस्तुत गरिएको छ।

### ङ. एनजीओ अलाइन्स

भ्रष्टाचारविरुद्धको आवाज विभिन्न तह तप्काबाट उठान गर्न तथा यो विषयलाई संस्थागत गर्न ६ जिल्लाहरूका गैरसरकारी संस्थाहरू सम्मिलित गठवन्धन निर्माण गरिएको छ। यस्ता गठवन्धनहरू मार्फत् सुशासनको अवस्थाबारे सूचना प्रवाह गरी विभिन्न संघ-संस्थालाई सुशासनमा लाग्न प्रेरित गरिएको छ। त्यस्ता संघ-संस्थाको सुशासन बाहेक आवाज उठाउने क्षमताको पनि विकास गरिएको छ।

### च. सार्वजनिक सेवा प्रवाह सम्बन्धी अध्ययन (पब्लिक सर्भिस डेलिभरी सर्वे)

सेवा प्रवाह सम्बन्धी अध्ययन ६ वटा जिल्लाहरूमा सम्पन्न गरिएको छ। सेवा प्रदायक कार्यालयहरूको कार्य सम्पन्नता दर, लाग्ने अधिकतम् समय, सरकारी दस्तुरबाहेक अन्य रकम तिरेको/नतिरेको, सेवाग्राहीले भोगेका मुख्य समस्या जस्ता उत्तरदाताहरूको अनुभव र अवधारणा मापन गरिएको छ। सर्वेक्षण परिणाम आवद्ध संस्थाहरूमार्फत् ६ वटा जिल्लाहरू क्रमश चितवन, रुपन्देही, गुल्मी, कैलाली, सुर्खेतमा सार्वजनिक गरी सुधारका लागि माग गरिएको छ।

### छ. वार्षिक समीक्षा बैठक

परियोजनामा संलग्न ६ जिल्लाका प्रतिनिधिबीच समय समयमा समिक्षा र योजना तर्जुमा बैठकहरू सम्पन्न गरिएको छ। बैठकमा टीआई नेपालका अध्यक्ष, महासचिव, कार्यकारी निर्देशक, वरिष्ठ अधिकृतहरू, आवद्ध संस्था प्रतिनिधि सहभागिता रहेको छ। बैठकमा सम्पन्न क्रियाकलापबारेको अनुभव र आगामी योजनाको प्रभावकारिताबारे नियमित समीक्षा गरिएको छ।



*एलाक आउटरिच प्रोग्रामको समापन वार्षिक समीक्षा बैठक*

## २. भूकम्पपछिको पुनर्निर्माण र पुनःस्थापनामा सदाचार (आईपीईआरआर) गतिविधि

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालद्वारा भूकम्पबाट अति प्रभावित १४ जिल्लाहरूमा भूकम्पपछिको पुनर्निर्माण र पुनःस्थापनामा सदाचार Integrity in Post Earthquake Reconstruction and Rehabilitation (IPERR) कार्यक्रम सञ्चालन गरिएको छ। काठमाडौं, ललितपुर, भक्तपुर, ओखलढुङ्गा, दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर र गोरखा जिल्लामा सम्पर्क कार्यालय सञ्चालन गरी कार्यक्रम सम्पन्न गरिएको छ। आईपीआरआरअन्तर्गत सम्पन्न भएका गतिविधि निम्नानुसार छन् :

**भूकम्पपछिको पुनर्निर्माण र पुनःस्थापनामा सदाचार (आईपीईआरआर) अन्तर्गत सम्पन्न गतिविधि**
**१ जेठ २०७५ देखि ३१ वैशाख २०७६**

| क्रसं | गतिविधि | संख्या |
|---|---|---|
| १ | सरोकारवालाहरूसँग छलफल | १२ |
| २ | नीतिगत छलफल | २७ |
| ३ | प्रतिवेदन सार्वजनिकरण | १२ |
| ४ | निर्वाचित जनप्रतिनिधिसँग बैठक | २९ |
| ५ | निर्माणाधीन विद्यालय अवलोकन तथा छलफल | ४६ |
| ६ | संयुक्त विद्यालय छलफल | १४ |
| ७ | सदाचार प्रतिवद्धता | ८ |
| ८ | सदाचार प्रतिवद्धता कार्यान्वयन समितिको बैठक | ४ |
| ९ | बजार अवलोकन | २५ |
| १० | सूचना बोर्ड | २५ |
| ११ | नागरिक वडापत्र | २२ |
| १२ | सामाजिक परीक्षण | १२ |
| १३ | एफएम रेडियोसँग सम्फौता | १४ |
| १४ | पत्रपत्रिकासँग सम्फौता | १२ |
| १५ | पत्रकारहरूसँग भेटघाट | २५ |
| १६ | मेडिया म्यापिङ्ग | १४ |
| १७ | पर्चा, नोटबुक, पेन, केलेन्डर वितरण | ४२ |
| १८ | होर्डिङ्ग बोर्ड | ३४ |
| १९ | आर्थिक प्रतिवेदन सङ्कलन/छलफल | ४९ |
| २० | व्यवसायी/बैंकसँग छलफल | २५ |
| २१ | गैर-सरकारी संस्थाहरूसँग छलफल | १२ |
| २२ | सहायता कक्ष सञ्चालन | ५८ |
| २३ | स्वयंसेवकहरूसँग अन्तर्क्रिया | ३० |
| २४ | सरकारी भवन अवलोकन | ४० |
| २५ | नीजि आवास अवलोकन | ४२ |
| २६ | सम्पदा अवलोकन | २७ |
| २७ | खानेपानी पूर्वाधार अवलोकन | २५ |
| २८ | मोबाइल एलाक (गुनासो सङ्कलन) | ५८ |
| २९ | सार्वजानिक सुनुवाई | ५० |
| ३० | वृद्ध, कम आम्दानी तथा महिलाहरूसँग छलफल | ४३ |
| ३१ | अन्तर्राष्ट्रिय भ्रष्टाचारविरुद्धको दिवस (डिसेम्बर ९) | १२ |
| ३२ | भूकम्प सुरक्षा दिवस (माघ ०२) | १२ |
| ३३ | भूकम्प वार्षिकोत्सव दिवस | १४ |
| ३४ | प्रभाव मूल्याङ्कन र अवधारणा सर्वेक्षण | २८ |
| ३५ | अन्य गतिविधि | ६ |
| | **जम्मा** | **९०८** |

**क. नीतिगत छलफल**

पुनर्निर्माण र पुनःस्थापना सम्बन्धमा बनेका नीति, प्रगति र देखिएका चुनौति विषयमा भूकम्पबाट अति प्रभावित १४ वटै जिल्लामा अन्तरक्रियाहरू सम्पन्न भएका छन्। विशेषगरी, पुनर्निर्माणका सन्दर्भमा नागरिकबाट धेरै उठाइएका/गुनासो गरिएका विषयसँग सम्बन्धित कानुनहरू, प्रवलीकरण, जीविकोपार्जन, लाभग्राही छनौट, बस्ती स्थानान्तरण सम्बन्धी नीतिहरूलाई प्राथमिकतामा राखेर छलफल चलाइएको थियो। कार्यक्रममा नीति-नियम बनाउने र कार्यान्वयन गर्ने तिनै तहका (संघीय, प्रान्तीय र स्थानीय) सरकारको प्रतिनिधीको सहभागिता रहेको थियो। छलफलहरूमा टीआई नेपालका पदाधिकारी तथा जिल्लामा रहेका जिल्ला समन्वय समितिका प्रमुख, प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्लाका प्रमुख, जिल्ला कार्यान्वयन इकाईहरू नगरपालिकाका मेयर तथा गाउँपालिकाका अध्यक्ष, विभिन्न कार्यालयका प्रमुख तथा अन्य जनप्रतिनिधि, पत्रकार, नागरिक समाजका सदस्य तथा पीडितहरू लगायतको सहभागिता रहेको थियो। जिल्लामा गरिएका छलफलबाट आएका विषयहरूलाई सम्बन्धित जिल्लाका नियमन कार्यालयहरू नगरपालिका, गाउँपालिका, जिल्ला प्रशासन कार्यालय, प्राधिकरणका जिल्ला कार्यालय, पुरातत्व विभाग र डीएलपीआईयूहरूमा पत्रमार्फत् ध्यानाकर्षण गराइएको छ। जिल्लाबाट प्राप्त नीतिगत समस्यालाई अन्तिमरुप दिन र ध्यानाकर्षण गराउन काठमाडौंमा संघीय संसद्को विकास समितिका सदस्य, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण प्रमुख कार्यकारी अधिकृत, टीआई नेपाल पदाधिकारी तथा सदस्य, केन्द्रीय कार्यान्वयन इकाइहरू, कानुनवेत्ता, विज्ञहरू लगायतको उपस्थितिमा वृहत् छलफल गरिएको थियो। यसबाट आएको निश्कर्षलाई पत्रमार्फत् सम्बन्धित निकायमा नीति-नियम निर्माण तथा परिमार्जनका लागि ध्यानाकर्षण गराएर संस्थाले पत्र पठाएको छ। यस्तो कार्यले नीति-नियम, कार्यविधि, निर्देशिका बनाउने तथा संशोधन गर्ने काममा सहयोग पुर्‍याएको छ।



*सरकारी निकायहरूसँग छलफल, दोलखा*

**ख. प्रतिवेदन सार्वजनिकीकरण**

भूकम्पपछिको पुनर्निर्माणसम्बन्धी नीति-नियम, खरिद-विक्री आम्दानी, खर्च, प्रगति, जनगुनासोजस्ता विभिन्न विषयमा पीडित नागरिकको अवधारणा र अनुभव समेटिएको एक अनुसन्धान प्रतिवेदन तयार गरिएको छ। अनुसन्धान प्रतिवेदन काठमाडौंमा सार्वजनिक गरे लगत्तै जिल्ला तहमा जिल्ला समन्वय समितका प्रमुख, प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका जिल्ला प्रमुख, जिल्ला कार्यान्वयन इकाईहरू नगरपालिकाका प्रमुख तथा गाउँपालिकाका अध्यक्ष, विभिन्न कार्यालयका प्रमुख तथा अन्य जनप्रतिनिधि, पत्रकार, नागरिक समाजका सदस्य तथा पीडितलगायतको सहभागितामा १४ अति प्रभावित जिल्लामा सार्वजनिक गरिएको थियो। अनुसन्धानबाट प्राप्त निश्कर्षहरूमा स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्ने, प्राविधिकहरूलाई दुर्गम क्षेत्रमा बस्ने वातावरण बनाउनुपर्ने, स्थानीय प्रविधिको प्रयोगबाट पनि बलियो घर बनाउन सकिने भन्ने कुरा आम-नागरिकलाई सचेत गराउनुपर्नेजस्ता रहेका छन्। प्रतिवेदनवारे एफएम रेडियो, टेलिभिजन, प्रिन्ट मिडिया लगायत विभिन्न सञ्चारमाध्यमले समाचार प्रकाशन गरेका छन्। यसले पुनर्निर्माणको लागि भएका प्रयास, भोगेका समस्या र चाल्नुपर्ने कदमका बारेमा जिल्ला स्तरमा जानकारी दिन सफल भएको छ। प्रतिवेदन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा सरोकारवालालाई समेत उपलब्ध गराई सुझाव कार्यान्वयनतर्फ ध्यानाकर्षण गराइएको छ।



*अध्ययन प्रतिवेदन सार्वजनिक गरिँदै, सिन्धुपाल्चोक*

**ग. पत्रमार्फत् सरोकारवालाको ध्यानाकर्षण**

संस्थाले पुनर्निर्माण र पुनःस्थापनासम्बन्धी विभिन्न गतिविधि सञ्चालन गर्ने क्रममा पारदर्शिता, जवाफदेहिता तथा सदाचार प्रवर्द्धनसम्बन्धी उठेका प्रमुख विषयवस्तु र नागरिकका गुनासोहरूलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, पुरातत्व विभाग, नगरपालिका, गाउँपालिका र अति प्रभावित १४ वटै जिल्लाका सरोकार राख्ने कार्यालयहरू लगायत सम्बन्धित अन्य निकायमा समेत आवश्यक ध्यानाकर्षणको लागि पत्राचार गरिएको छ। पत्रमा पुनर्निर्माण भइरहेका पुरातात्विक संरचनाको काममा भएको ढिलासुस्ती अन्त्य गर्नुपर्ने, सरकारी भवन तथा स्कुल पुनर्निर्माण लाई गुणस्तरीय बनाई समयमा सम्पन्न गर्न पहल गर्नुपर्ने, आवश्यक नपर्ने

सरकारी भवनहरू बनाउन नहुने, अनुगमन प्रभावकारी बनाउनुपर्ने, एककोठे घर सबैले बनाउने प्रावधान हुन नहुने, गुनासो सम्बोधन चाँडो हुनुपर्ने, वस्ती स्थानान्तरणको कार्य चाँडो सम्पन्न गर्नुपर्ने लगायतका विषयमा विशेष जोड दिइएको छ । नीजि आवास अवलोकन, सरकारी भवन अवलोकन, विद्यालय अवलोकन, बजार अवलोकन, सहायताकक्ष, गुनासो सङ्कलन, सार्वजनिक सुनुवाईजस्ता कार्यक्रमका माध्यमबाट आएका गुनासाहरूको सम्बोधनका लागि पनि पत्रहरू पठाइएको छ । ध्यानाकर्षण गराइएका विषयहरू सम्बोधन गर्न सम्बन्धित निकायबाट तत्परता देखाएका र पत्र माथि भएको कामको जवाफी पत्र पनि प्राप्त भएबाट पुनर्निर्माणसम्बन्धी नागरिकका समस्या समाधनसमेत हुन सहयोग पुगेको देखिन्छ ।

## घ. स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिसँग छलफल

नगर, गाँउ, वडा स्तरका निर्वाचित जनप्रतिनिधिहरूसँग निर्माणाधिन संरचनाहरूको अनुगमन, सदाचार अभिवृद्धि, नागरिकहरूको सहभागिता, पुनर्निर्माणमा देखिएका समस्या र समाधानमा प्रयास गर्न छलफलहरू आयोजना गरिएको छ । छलफलमा जिल्लामा पुनर्निर्माण सँग सम्बन्धित कार्यालयका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि, स्थानीय तहमा कार्यरत प्राविधिक, स्थानीय नागरिक, पत्रकार, पीडित र कर्मचारीहरू समेतको उपस्थिति रहने गरेको छ । कार्यक्रममा उठेका जिज्ञासाको जवाफ जिल्लाका पुनर्निर्माण सम्वद्ध कार्यालयका प्रमुख तथा प्रतिनिधिले दिएका छन् । १४ वटै जिल्लामा सम्पन्न भएको छलफलमा स्थानीय तहका पदाधिकारीहरूको जिम्मेवारी, पुनर्निर्माणको क्षेत्रमा स्थानीय सरकारको भूमिका, पुनर्निर्माणमा भइरहेको प्रगति र आम-नागरिकले राखेका अपेक्षाकाबारेमा जानकारी दिन सकिएको छ । छलफलमा सहभागी जनप्रतिनिधिले यसप्रकारको कार्यक्रम राखेर टीआई नेपालले राम्रो काम गरेकोले धेरै कुराहरू जान्ने र सिक्ने मौका पाएको भनि धन्यवाद ज्ञापन पनि गरेका छन् । टीआई नेपालले स्थानीय सरकारलाई स्थानीय तहमा पुनर्निर्माणको अधिकार दिनुपर्छ भन्दै पटक-पटक आवाज उठाएपछि अहिले धेरै अधिकारहरू प्राधिकरणले सम्झौता गरेर स्थानीय सरकारमा हस्तान्तरण गरेको छ ।



*जनप्रतिनिधि र सरोकारवालाबीच छलफल, नुवाकोट*

## ङ. निर्माणाधीन विद्यालय अवलोकन तथा छलफल

जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा)को सहयोग र सहकार्यमा १४ प्रभावित जिल्लामा निर्माणाधीन विद्यालयको गुणस्तर, पारदर्शिता, विद्यालय व्यवस्थापन समितिको काम-कारबाही, अविभावक तथा नागरिकलाई बजेटबारे जानकारी, निर्माणमा प्रयोग भएका सामाग्री र गुणस्तरमा ध्यान दिनका लागि अनुरोध गर्दै विद्यालय अवलोकन तथा छलफल कार्य सम्पन्न गरिएको छ । सरकार, नागरिक समाज, पत्रकार, एनजीओ प्रतिनिधि, अविभावक तथा स्थानीय नागरिक, प्राविधिकसहितको टोली र निर्माणकर्ताले संयुक्त अवलोकन गरी छलफलसमेत गरेको छन् । छलफलमा सहभागीहरूले गुणस्तरीय सामाग्रीको प्रयोग, लागत खर्चको पारदर्शिता, सूचना पाटी तथा प्राविधिकको नियमित अनुगमनको विषयलाई उठाएका थिए । कतिपय विद्यालयको गुणस्तर कमजोर भएकाले पराकम्पनले समेत चर्कन पुगेको भन्दै आलोचना भएको थियो । केही विद्यालयहरूमा सहभागीले पुनर्निर्माणमा प्राविधिक, व्यवस्थापन समिति, निर्माण सामाग्री व्यवसायी तथा विद्यालय प्रधानाध्यापकको मिलोमतो भएकोले सरकारले तोकको गुणस्तरमा निर्माण नभएको गुनासो गरेका थिए । अवलोकनबाट स्थानीय सरकारका प्रतिनिधिको समेत विशेष ध्यानाकर्षण गराउन, नागरिकको विद्यालय पुनर्निर्माणमा चासो तथा निर्माण लागत, बन्ने समय, तथा अन्य निर्माण सामाग्री गुणस्तरजस्ता कुराकाबारेमा जानकारी दिन सकिएको छ ।




*रामेछापमा विद्यालयहरूसँगको संयुक्त छलफल*

### च. सदाचार प्रतिवद्धता



स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूको कामलाई थप पारदर्शी, जवाफदेही र सदाचार युक्त बनाउन यस संस्थाबाट प्रतिपादन गरिएको सदाचार प्रतिवद्धता-पत्रमा ८ नगरपालिकाद्वारा हस्ताक्षर गरिएको छ। प्रतिवद्धता पत्रमा सम्बन्धित नगरपालिकाका प्रमुखले आफ्नो पुननिर्माण प्रति प्रतिवद्धता जाहेर गरेका छन् भने र संस्थाका प्रतिनिधिले साक्षीको रुपमा हस्ताक्षर गरिएको छ। प्रतिवद्धता पत्रको अनुगमन र कार्यान्वयनको लागि मेयरको अध्यक्षतामा, प्रमुख प्रशासकीय अधिकृत, टीआई नेपाल प्रतिनिधि र अन्य मनोनयन गरी अनुगमन समिति बनाई अनुगमन समेत भइरहेको छ। समितिको नियमित बैठकसमेत बसिरहेको छ। हस्ताक्षर गरिएको प्रतिवद्धता पत्रमा पारदर्शीता, जवाफदेहिता, सार्वजनिक खरिद, भुकम्प पीडितका गुनासो सम्वोधन, स्थानिय सरकारको सेवा प्रवाहमा प्रभावकारीता, पुनर्निर्माण मा स्थानिय नागरिकको सहभागिता, निर्माणाधिन संरचनाहरूको नियमित अनुगमन जस्ता विषय प्रति प्रतिवद्धता व्यक्त गरिएको छ। पत्रले स्थानिय सरकारको पुनर्निर्माण सम्बन्धि प्रतिबद्धता जायर भएको छ।

### छ. बजार अवलोकन



जिल्ला प्रशासन कार्यालय तथा स्थानीय तहको सहयोगमा स्थानीय पत्रकार, गैरसरकारी संस्थाका प्रतिनिधि, उपभोक्ता हित संरक्षण मञ्चका प्रतिनिधि, सुरक्षा निकायलगायत उपस्थितिमा निर्माण सामाग्रीको भण्डारणको अवस्था, बजार मूल्य, पसलहरू दर्ता भए/नभएको लगायत विभिन्न विषयमा स्थलगत अवलोकन गरिएको छ। अवलोकनमा धेरै पसलहरूमा मूल्यसूची, बिल/भौचरहरू, व्यवस्थित नभएको पाइएको छ। भूकम्प अति प्रभावित १३ जिल्लामा भएको बजार अवलोकन कार्यबाट खरिद मूल्य र बिक्री मूल्यबीचको अन्तर, सामाग्री भण्डारण, म्याद समाप्तीजस्ता विषयमा व्यवसायीलाई विशेष ध्यान दिन अनुरोध गरिएको छ। यस कार्यबाट केही जिल्लाका केही पसलहरूमा मूल्यसूची राख्न लगाउन सकिएको छ।

### ज. सूचना बोर्ड

१४ जिल्लामा भइरहेको पुनर्निर्माणको प्रगतिबारे जानकारी दिन सूचना बोर्डहरू राखिएका छन्। सूचना बोर्डमा जिल्लामा भएको क्षति, लाभग्राही सूची, पहिलो, दोस्रो, तेस्रो किस्ता प्राप्त गर्नेको संख्या, प्रवलीकरण, सरकारी भवनको पुनर्निर्माणको अवस्थालगायत विषयहरू समेटिएका छन्। यसले पुनर्निर्माणसम्बन्धी जानकारी लिन चाहने पत्रकार, आम-नागरिक, अनुसन्धानकर्ताहरूलाई सहयोग एकै ठाउँबाट पाउन सहयोग पुगेको छ।

### झ. नागरिक वडापत्र

पुनर्निर्माण क्षेत्रमा कार्यरत सरकारी कार्यालयहरूको कार्य प्रवाहकाबारेमा जानकारी दिनका लागि यस संस्थाको सहयोग तथा विशेष अनुरोधमा पुननिर्माण केन्द्रित नागरिक वडापत्र तयार गरी सम्बन्धित कार्यालयको हातामा राखिएको छ। नागरिकलाई पुनर्निर्माण को समग्र प्रक्रिया, लाग्ने समय, आवश्यक कागजात, जिम्मेवार व्यक्ति, किस्ता लिने प्रक्रियालगायतका विषयमा जानकारी दिन वडापत्रले सहयोग पुगेको छ। नागरिक बडापत्र १२ जिल्लामा राखिएको छ।

### ञ. एफएम तथा रेडियोसँग सम्झौता

संस्थाले सञ्चालन गरेको कार्यक्रमहरूकाबारेमा आम-नागरिकलाई जानकारी दिन र उनीहरूलाई परेको समस्याकाबारेमा गुनासो गर्न प्रेरित गर्ने उद्देश्यले १४ जिल्लामा रहेका एफएम रेडियोसँग सम्झौता गरिएको छ। यस्तो सम्झौता रेडियो नेपालसँग पनि सम्पन्न गरेर भौगोलिक हिसाबले देशभर सन्देशहरू पुर्‍याइएको छ।

सम्झौताअन्तर्गत संस्थाले तयार गरेको जिङ्गल प्रसारण गरिएको छ। जसमा टोल-फ्री नम्बर, इमेल र सम्बन्धित जिल्लाको नम्बरसमेत समावेश गरिएको छ। हाल नागरिकलाई पुनर्निर्माण सम्बन्धी कानूनी सल्लाह र प्रक्रियाकाबारेमा जानकारी दिन सहज भएको छ। सञ्चारमाध्यमले समाचार प्रसारण गरेका कारणले पनि जिल्लास्तरमा थप सूचना प्राप्त गर्न सहज भएको छ।




*स्थानीय पत्रिकामा गतिविधिको समाचार*

### ट. पत्रपत्रिकासँग सम्झौता

भूकम्पपछिको पुनर्निर्माणमा सदाचार स्थापनाका लागि छापाको प्रयोग पनि गरिएको छ। जसबाट यस संस्थाकाबारेमा जानकारी दिने, गुनासो गर्ने, फोन नम्बर तथा इमेलसम्बन्धी जानकारी दिने गरिएकको छ। दैनिकरुपमा प्रकाशित हुने सन्देश प्रसारण गर्न १४ जिल्लामा विभिन्न पत्रपत्रिकासँग सम्झौता भएको छ। यसका माध्यमबाट संस्थाकाबारेमा सूचना लिन र परिआएको समयमा सम्पर्क गर्न नागरिक र पीडितलाई सहज भएको छ। कतिपय नागरिकले सन्देश पढेर जिज्ञासा राख्ने काम गरेका छन्।

### ठ. पत्रकारहरूसँग बैठक तथा छलफल

राज्यको चोथौ अङ्गको रुपमा रहेका पत्रकारहरूसँग जिल्लामा पुनर्निर्माण को अवस्थाबारेमा जानकारी लिन बैठक तथा छलफल सम्पन्न गरिएको छ। छलफलमा संस्थाको कार्यक्रमकाबारेमा जानकारी गराउने र जिल्लामा पुनर्निर्माण सम्बन्धी देखिएका समस्या, चाल्नुपर्ने कदमकाबारेमा जानकारी लिने गरिएको छ। साथै, पुनर्निर्माण सम्बन्धी सूचना आम-नागरिकसँग पुऱ्याउन आवश्यक सहयोग गर्न आह्वान गरिएको छ। पत्रकारहरूसँगको छलफल १३ जिल्लामा सम्पन्न भएको छ।




*राष्ट्रिय दैनिकमा संस्थाको धारणा प्रकाशित*

### ड. होर्डिङ्ग बोर्ड

पुनर्निर्माण र पुनःस्थापनामा सदाचारको सन्देश आम-नागरिकमा दिनुकासाथै सूचनाप्रवाह गर्ने उद्देश्यले सेवाग्राहीको बढी चाप हुने ठाउँमा सबैले देख्ने गरी होर्डिङ्ग बोर्डहरू राखिएको छ। हालसम्म १४ जिल्लामा यससम्बन्धी होर्डिङ्ग बोर्ड राख्ने काम सम्पन्न भएको छ। यसबाट पुनर्निर्माण काबारेमा गुनासा राख्न तथा थप जानकारी लिन जिल्ला कार्यालयमा फोन गर्नेजस्ता कार्यहरूमा केही मात्रामा बृद्धि भएको छ। एफएम र पत्रिकाको पहुँचमा नभएका व्यक्तिहरूलाई वार्डको माध्यमबाट सूचना पुऱ्याउन सम्भव भएको छ।

### ढ. प्रकाशन सामाग्रीको वितरण




यस संस्थाले समय/समयमा प्रकाशन गरेका सामाग्रीहरू जस्तैः क्यालेन्डर, न्यूजलेटर, नोटबूक, डट्पेन, सर्भेक्षण प्रतिवेदन, पर्चालगायत अन्य सामाग्री १४ वटै जिल्लामा कार्यक्रम सञ्चालन गर्दा वितरण गरिएको छ। यसले संस्थाका गतिविधिकाबारेमा सरकोकारवाला निकाय तथा आम-नागरिकलाई जानकारी दिन सहयोग पुऱ्याएको छ। यसबाट प्रगतिकाबारेमा आम-नागरिकलाई सूचना दिन सकिएको थियो। अध्ययनपश्चात् विभिन्न नागरिकले संस्थाको कार्यदिशा, प्रगति र कार्यप्रवाहकाबारेमा जानकारी लिने र उल्लेखित विषयहरूकाबारेमा प्रश्न गर्ने गरेका छन्। सञ्चारमाध्यमले यस्ता सूचनाको आधारमा समाचार बनाई प्रचार-प्रसारमा सहयोगसमेत गरेका छन्। संस्थाको क्यालेन्डर कार्यालयमा सबैले देख्ने ठाउँमा राखेको र न्यूजलेटर पुस्तकालय तथा अन्य ठाउँमा राखेको पाइन्छ।

### ण. आर्थिक प्रतिवेदन सङ्कलन/छलफल

जिल्लामा पुनर्निर्माण सम्बन्धी कार्य गर्दैआइरहेको सरकारी निकायहरूजस्तै जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) साथै कोष तथा लेख ानियन्त्रणको कार्यालयको संलग्नतामा पुनर्निर्माण सम्बन्धी खर्चको विवरण सङ्कलन गर्ने काम भएको छ। सो सङ्कलनपश्चात् सरोकारवालालाई समेत सहभागी गराई छलफल कार्यक्रमहरू १३ जिल्ला गरिएको छ। यसबाट आम-नागरिक, सरोकारवालालाई जिल्लामा भएको खर्च तथा आम्दानीकाबारेमा सूचनाप्रवाह गर्न मद्दत पुगेको छ। यस किसिमको छलफलमा जिल्लाका सरोकारवाला निकायहरू सबै रहने भएकाले सबैमा खर्चबारे पारदर्शिता बढ्ने र नयाँ तथ्याङ्क पत्रकार तथा नागरिकसमक्ष पुग्ने अवसर सिर्जना भएको छ।

### त. व्यवसायी/बैंकसँग छलफल

जिल्लामा पुनर्निर्माण सम्बन्धी कार्यक्रममा नीजि क्षेत्रको भूमिकाबारेमा १३ जिल्लामा छलफल कार्यक्रमहरू आयोजना गरिएको छ। छलफलमा पुनर्निर्माण को क्रममा उनीहरूको सहयोग, बजारमा सामग्रीको गुणस्तरको अवस्था, म्याद नाघेका सामानको विक्री-वितरण जस्ता चुनौतिकाबारेमा छलफल गरिएको छ। साथै, बैंकहरूसँग किस्ता वितरणको अवस्था, बैंक-ऋण, खाता सञ्चालनलगायतको विषयहरूमा छलफल गरिएको छ। बैंककाबारेमा सहभागीहरूले ऋण पाउन समस्या भएको, बैकको सेवामा ढिलासुस्ती भएको, किस्ता समयमा उपलब्ध नगराएको जस्ता जिज्ञासाहरू राखेका थिए। जिल्लामा गरिएका छलफलबाट आएका समस्यालाई मध्यनजर गरेर काठमाडौंमा बैंकर एशोसिएसनको सहकार्यमा एक छलफल कार्यक्रम आयोजना गरिएको छ। छलफलमा उठेका विषहरूलाई सम्बोधन गर्न संस्थाले बैकर एशोसिएसनलाई पत्रमार्फत् ध्यानाकर्षण गरी राष्ट्र बैंकलाई बोधार्थ दिएको छ। यस प्रकारको नीजि क्षेत्रको पुनर्निर्माण मा सहयोग हुने पहल बढाएको छ।



*बैंक तथा वित्तीय संस्थासँग छलफल,*

### थ. गैरसरकारी संस्थाहरूसँग छलफल

जिल्लामा पुनर्निर्माण सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरेका तथा अन्य सक्रिय गैरसरकारी संस्थाहरूलाई एकै ठाउँमा भेला गराई पुनर्निर्माणको काममा सदाचार र पारदर्शिता अपनाउन अनुरोध गरिएको छ। छलफलमा पुनर्निर्माण क्षेत्रमा देखेका समस्या तथा गैरसरकारी संस्थाले खेल्नुपर्ने भूमिकाकाबारेमा सुझाव सङ्कलन गरिएको थियो। संस्थाबाट हुने पुनर्निर्माण सम्बन्धी अवलोकन भ्रमणमा सहभागी हुन यस्ता नागरिक संस्थाको सहमति पनि लिइएको छ। यसले ती संस्थाको आन्तरिक जीवनमा पारदर्शी बनाउन सहयोग पुग्ने विश्वास लिइएको छ। हालसम्म १४ जिल्लामा यस्तो छलफल कार्यक्रम सम्पन्न भएको छ। पुनर्निर्माणको क्षेत्रमा कुनै समस्या देखिएमा टीआई नेपाललाई वा सम्बन्धित निकायलाई खबर गर्ने र समाधानको लागि सहजीकरण गर्नसमेत अनुरोध गरिएको छ। गैरसरकारी संस्थाको तर्फबाट यस किसिमको छलफलमा सहभागी गराएकोमा धन्यवाद ज्ञापनसमेत गरेका थिए। कार्यक्रम राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई जिल्लामा भइरहेको पुनर्निर्माण विषयमा जानकारी दिइएको छ।

### द. सहायता कक्ष सञ्चालन

पुनर्निर्माणको काममा आवश्यक सहयोग गर्ने उद्देश्यले १४ जिल्लामा सरकारी वा स्थानीय तहको कार्यालय परिसरमा सहायता कक्षहरू सञ्चालन गरिएको छ। यस्तो सहायता कक्ष सम्बन्धित कार्यालयको बाहिरपट्टि सेवाग्राहीलाई कार्यालयको प्रक्रियाकाबारेमा जानकारी, निवेदन लेखेर सहयोग गर्न भेट गराएर तथा प्रक्रियाबारे जानकारी दिइएर संस्थाका विद्यार्थी सहभागीहरूको सक्रियतामा सम्पन्न गरिएको छ। कक्षमा सरकारी नीति-नियमकाबारेमा जानकारी, प्रक्रिया तथा अन्य सबै सहयोगकाबारेमा सहजीकरण गरिएको छ। यसप्रकारको कार्यक्रमले नागरिकलाई सूचना र प्रक्रियाकाबारेमा ठूलो सहयोग प्राप्त भएको छ।

### ध. स्वयंसेवक तालिम तथा परिचालन

पुनर्निर्माण  र पुनःस्थापना कार्यमा सदाचार कार्यक्रममा युवाको सहभागिता सुनिश्चित गर्ने नीतिअनुरुप १४ वटै भूकम्प अति प्रभावित जिल्लाका स्नातक तहमा अध्ययनरत इच्छुक युवा विद्यार्थीहरू स्वयंसेवकको रुपमा छनौट गरी अभिमुखीकरण गरिएको छ। विद्यार्थीहरूलाई संस्थाको उद्देश्य, जिम्मेवारी निर्वाह गर्दा अपनाउनुपर्ने सतर्कता, नेपालको सन्दर्भ र पुनर्निर्माण जस्ता विषयमा जानकारी दिइएको थियो। तालिममा स्व्यंसेवकहरूको जिज्ञासाको समेत जवाफ दिइएको थियो। यस्ता स्वयंसेवकलाई सहायता कक्ष, सार्वजनिक सुनुवाई, नीतिगत छलफललगायतका कार्यक्रममा समेत परिचालन गरिएको छ। कतिपय अवस्था जिल्ला अधिकृतको अनुपस्थितिमा कार्यालय खोल्ने, पत्राचार गर्ने र कार्यक्रमसमेत आयोजना गर्ने गरी सहयोग भएको छ।



*स्वयंसेवीहरूलाई अभिमुखीकरण, काठमाडौं*

### न. सरकारी भवन अवलोकन

भूकम्पबाट क्षति भई हाल जिल्लामा पुनर्निर्माण  भइरहेका सरकारी भवनहरूको १४ जिल्लामा अवलोकन गरिएको छ। अवलोकनमा जिल्ला आयोजना कार्यान्वयन इकाईहरूका प्रतिनिधि, प्राविधिक, सम्बन्धित वडाको प्रतिनिधि, जिल्ला प्रशासन प्रतिनिधि, पत्रकार, नागरिक समाजका सदस्य तथा सम्बन्धित निर्माणाधीन कार्यालय प्रमुख तथा प्रतिनिधि सहभागी रहेका छन्। सो अवलोकनमा निर्माणमा प्रयोग भएका सामग्री, मजदूर भूकम्पप्रतिरोधी घर बनाउन तालिम लिएको व्यक्ति भए/नभएको, सम्पूर्ण लागत र सम्पन्न हुने मितिसमेतको होर्डिङ्ग बोर्ड भए/नभएको जस्ता विषयमा छलफल गरिएको छ। सरकारी र संस्थाका प्राविधिकहरूबाट निर्माणको गुणस्तर जाँच्ने काम अवलोकन गर्दा सम्पन्न गरिएको थियो। हालसम्म यसबाट निर्माण व्यवसायी र सरोकारवाला निकायलाई काम समयमा सम्पन्न गर्न र गुणस्तरिय निर्माण गर्न मद्दत मिलेको छ। कुनै कमी कमजोरी भए समयमा समाधान गरी तत्काल कार्य प्रवाह अघि बढाउन पनि यस कार्यबाट मद्दत पुगेको छ।


*भवन अवलोकन गोरखा*

### प. निजी आवास अवलोकन

सरकारी अनुदानमा निर्माणाधिन १४ जिल्लामै पर्ने नीजि आवासहरूको रेन्डमरुपमा नमूना छनौट गरी लागग्राही सूचीमा समावेश भएका २० वटा घरमा स्थलगत फारमसमेत भरी अवलोकन गरिएको छ। पुनर्निर्माणको किस्ता प्राप्त भयो कि भएन, किस्ता लिन अप्ठ्यारो भयो कि, प्राविधिक नियमित 'आए कि आएनन्' जस्ता विषयहरूमा पीडितका राय सङ्कलन गरिएको छ। जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), भवनका प्रतिनिधिको समेत उपस्थितिमा वडाका निर्वाचित अध्यक्ष तथा सदस्यले यी कार्यमा पूर्ण सहयोग गरेका थिए। अवलोकनबाट घर गुणस्तरीय बनाउनुपर्ने सकारात्मक धारणा जागृत गर्न सकिएको छ। अवलोकनकै क्रममा निर्माण कार्यमा हुन गएको त्रुटी सुधार गर्ने मौका मिलेको छ।


*निजी आवास अवलोकन काभ्रेपलाञ्चोक*

### फ. सम्पदा अवलोकन

देशमा रहेका पुरातात्विक संरचनाको पुनर्निर्माण  हुने कार्यहरू अगाडि बढेको परिवेशमा संरचनाहरू भूकम्पप्रतिरोधी र गुणस्तरीय होस् भन्ने उद्देश्यकासाथ त्यस्ता निर्माणाधीन संरचनाहरूको १४ जिल्लामा यस संस्थाको अगुवाइमा अवलोकन गरिएको छ। अवलोकनमा पुरातत्व विभागका प्रतिनिधि, नागरिक समाज, जिल्ला आयोजना कार्यान्वयन

इकाई, स्थानीय उपभोक्ता, नागरिक समाज र निर्वाचित जन प्रतिनिधिहरूको उपस्थिति रहने गरेको छ । निर्माणको गुणस्तर, समय, गुणस्तरीय समाग्रीको प्रयोग, कामदारको अवस्थाकाबारे अवलोकन गर्न, बुझ्न र समयमै गुणस्तरीय निर्माण सम्पन्न हुने वातावरण बनाउनलाई यस कार्यबाट सहयोग पुग्ने गरेको छ । सरकारी तथा संस्थाका प्राविधिकहरूद्वारा गुणस्तर मापन गरिएकाले अवलोकनका क्रममा कतिपय समस्या सोही समयमा समाधान भएका थिए भन्ने कतिपय पत्रमार्फत् ध्यानाकर्षण गराइएको छ । यसबाट सरकारी, स्थानीय तथा पुरातत्व विभागबीच सूचना आदान-प्रदानमा पनि सहयोग पुगेकाले सबैको एक-आपस समझदारी बनाउन थप सहजता भएको छ ।

**ब. खानेपानी अवलोकन**

भूकम्पले क्षति पुऱ्याएको र प्राविधिक पुनर्निर्माण सुरु भएको खानेपानी वितरणसम्बन्धी संरचनाको अवलोकन १३ जिल्लामा सम्पन्न गरिएको छ । अवलोकनमा उपभोक्ता, पत्रकार, गैरसरकारी संस्था, स्थानीय जनप्रतिनिधिको सहभागिता सम्पन्न गरिएको छ । अवलोकनका क्रममा खानेपानीमा प्रयोग गरिएका सामाग्रीको गुणस्तर, त्यसको लागत, समयसिमालगायतका विषयमा छलफलसमेत गरिएको छ । निर्माणमा कतिपय जिल्लामा देखिएका प्राविधिक समस्याहरू सच्याउने काममा समेत अवलोकन सहयोगी भएको छ ।



*सिन्धुलीमा खानेपानी परियोजना अवलोकन*

**भ. गुनासो सङ्कलन**



पुनर्निर्माणको क्रममा देखिएका समस्या प्रत्यक्षरुपमा नागरिकसँग १४ वटै जिल्लामा भेट गरी निजले स्वयंले भोगेको अथवा देखेको समस्या सङ्कलन गर्ने काम गरिएको थियो । स्थानीय तहका कार्यालय तथा अन्य सरकारी निकायको अनुमतिमा यस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन् । कार्यक्रमबाट आएका समस्याहरू लिपिवद्ध गरी सम्बन्धित निकायमा समाधानका लागि पत्रमार्फत् ध्यानाकर्षण गराइएको छ । गुनासोकर्ताले पुरातात्विक संरचनाको काममा भएको ढिलासुस्ती, सरकारी भवन तथा स्कुल पुनर्निर्माणलाई गुणस्तरीय बनाई समयमा सम्पन्न भएको समस्या, आवश्यक नपर्ने सरकारी भवनहरूको फजुल खर्च, अनुगमन प्रभावकारी नभएको, एककोठे घर बनाउने प्रावधानले कुरो बिग्रिएको, गुनासो सम्बोधनमा ढिलासुस्ती भएका वस्ती स्थानान्तरणको कार्य चाँडो सम्पन्न नभएको, बारम्बार गुनासो भर्दा पनि नाम नआएको, घर पूरै भत्केको तर नाम मर्मतमा आएको, किस्ता समयमा नपाएको, प्राविधिक समयमा नआएको, पुनर्निर्माणको नीति आउनुभन्दा पहिला बनेको घर के गर्नेलगायतका गुनासा राख्ने गरेका छन् । पीडितबाट प्राप्त गुनासो सम्बन्धित नियमन निकायहरूमा ध्यानाकर्षण पत्रमार्फत् नियमितरुपमा समाधानका लागि पहल गर्ने गरिएको छ । ध्यानाकर्षण गराइएका विषयहरू पुनर्निर्माण प्राधिकरणका जिल्ला इकाईहरूबाट यथासिघ्र समाधान गर्न सहयोग प्राप्त भएको छ । अत्यन्तै दुर्गम तथा सामाजिकरुपमा धेरै प्राविधिक विषयवस्तुको ज्ञान नभएका कुरा तथा समस्या राख्ने ठाउँ पत्ता लगाउन नसकेको पीडित घरधनिहरूलाई यो अवलोकन अत्यन्तै प्रभावकारीरुपमा रहेको छ ।

**म. सार्वजनिक सुनुवाई**



पुनर्निर्माणको समस्याकाबारेमा जानकारी लिन आम-नागरिक विभिन्न जिल्ला कार्यालयसम्म आउँदा धेरै खर्चिलो हुने भएकाले यस संस्थाको संयोजनमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, गाउँपालिका तथा नगरपालिकासँगको सहकार्यमा सार्वजनिक सुनुवाईहरू आयोजना गरिएको छ । पुनर्निर्माण सम्बन्धी कार्यरत संस्थाका प्रमुख तथा प्रतिनिधिहरूलाई जवाफकर्ताको रुपमा उपस्थित गराइएको सुनवाईमा नागरिकले जिज्ञासा राख्ने र जवाफ सम्बन्धित निकायका प्रमुख तथा

प्रतिनिधिले दिने ढाँचामा सुनुवाई सम्पन्न भएका भएका छन्। यस्तो कार्यक्रम १४ जिल्लामा सम्पन्न भएको छ र आम-नागरिकले गुनासोको सोही ठाउँमा जवाफ पाउने वातावरण बनाएको, साथै समग्रमा पुनर्निर्माणको विषयमा जानकारी लिने स्थिति सिर्जना गरेको छ। स्थानीय तहका जनप्रतिनिधिहरूले समेत थप सरलीकृत सूचना लिनसक्ने माध्यम सुनुवाई भएकाले संस्थालाई समेत धन्यावाद प्राप्त हुने क्रम जारी छ। यसप्रकारको सुनुवाईले पुनर्निर्माणमा थप बल प्रदान गर्ने देखिन्छ।

### य. कम आम्दानी भएका बृद्ध र महिलासँग छलफल

कम आम्दानी भएका बृद्ध र कम आम्दानी भएका नागरिकहरूसँग पुनर्निर्माण र पुनःस्थापना विषयमा १४ जिल्लामा छलफलहरू सञ्चालन गरिएको छ। सो क्रममा बृद्ध, अशक्त तथा एकल महिलाहरूले सरकारको तर्फबाट पाउने सहयोग लिन समस्याजस्ता विषयमा छलफल गरिएको छ। छलफलमा वडा तथा अन्य निर्वाचित जन प्रतिनिधिसमेतको उपस्थिति रहने भएकाले राज्यले दिने थप सहयोगको लागि समेत माग गर्ने, पुनर्निर्माणको अवस्था र संस्थाको उद्देश्य र गतिविधिकाबारेमा समेत जानकारी दिने गरिएको छ। यसले उनीहरूमा संस्था र पुनर्निर्माणमा आफूले प्राप्त गर्ने सहयोगकाबारेमा सकारात्मक सन्देश प्रवाह भइरहेको छ।



*सिमाङ्कृत समूहलाई जानकारी दिँदै*

### र. विद्यार्थी सचेतना

भूकम्प प्रभावित जिल्लामा माध्यामिक तह (कक्षा ११ र १२)का विद्यार्थीहरूलाई उनीहरू अध्ययनरत क्याम्पसहरूमा सदाचार र पुनर्निर्माण विषयमा संस्थाका अध्यक्षद्वारा अन्तर्क्रियासहित सचेतना प्रदान गरिएको छ। विभिन्न विद्यालयहरूको सहयोगमा संचालित यस कार्यक्रमबाट भावी पुस्तालाई नयाँ ज्ञान प्रदान गर्न सकिएको छ। यस्ता शत्रमा विविध विषय र प्रभावमा विद्यार्थीहरूको सुशासन र भ्रष्टाचारसम्बन्धी जिज्ञासा समाधान गर्ने प्रयत्न गरिएको छ। साथै, भावीपुस्तामा सदाचारको महत्व बुझाउन सकिएको छ।

### ल. अवधारणा मापन



संस्था क्रियाशील रहेको १४ वटै भूकम्पबाट अति प्रभावित जिल्लाहरूमा जिल्ला अधिकृत र स्वयंसेवीहरूको सहयोगमा पुनर्निर्माणसंग सम्बन्धित विविध विषयहरू (प्रगति, गुणस्तर, समस्या, भ्रष्टाचार आदि)बारे घरधुरी अवधारणा र अनुभव संकलन गरी मुख्य निश्कर्ष अध्ययन गर्ने कार्य सम्पन्न भएको छ। यसबाट भावी दिशा-निर्देश हुनुकासाथै मुख्य जनसरोकारका विषयमा भूकम्पपीडित र सरोकारवालाको धारणा बुझ्न मद्दत पुगेको छ।

संस्थाले सञ्चालन गरेको भूकम्पपछिको पुनर्निर्माण पुनःस्थापनामा सदाचार कार्यक्रम करिब ३ वर्ष पूरा भएको सन्दर्भमा १४ वटै जिल्लाका सरोकारवालाहरूसँग कार्यक्रमको प्रभाव मापन गर्न छलफलहरू गरिएको छ। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति प्रमुख, नगरपालिकाका प्रमुख, गाउँपालिका अध्यक्ष तथा अन्य जनप्रतिनिधि, एनआरए जिल्ला प्रमुख, जिल्ला कार्यान्वयन इकाइहरू, जिल्लास्थित कार्यालय प्रमुखहरू, नागरिक समाजका अगुवा, पत्रकार, पीडितलगायतको सहभागिता रहेको छ। सहभागीहरूले टीआई नेपालको कामले पारदर्शिता, जवाफदेहिता तथा सदाचार अभिवृद्धिमा ठूलो सघाउ पुगेको बताएका छन्। संस्थाले सदरमुकाम वरिपरिमात्र केन्द्रित रही कार्यक्रम गरिरहेकोमा दुर्गम गाउँपालिकामा समेत जानुपर्ने सुझाव प्राप्त भएको छ।

### व. समृद्धि यात्रामा नेपाली महिला

युरोपियन युनियनले 'नेपालका महिलाको समृद्धि यात्रा' शीर्षकमा केन्द्रित रही परियोजना मेला र गोलमेच छलफल आयोजना गरेको छ। काठमाडौंमा आयोजना गरिएको सो मेलाको उद्घाटन सभामुख कृष्णबहादुर महराले गरेका

थिए। इयूको सहयोग लिई नेपालमा सञ्चालन भइरहेका परियोजनाका क्रियाकलाप झल्कने तस्बिरहरू प्रदर्शन गरिएका थिए। टीआई नेपाललाई विपद जोखिम न्यूनीकरण र पुनर्निर्माणमा महिला शीर्षकअन्तर्गत रही संस्थाले काम गरिरहेको भूकम्पपछिको पुनर्निर्माणमा सदाचारसम्बद्ध क्रियाकलाप झल्कने तस्बिर प्रदर्शन गर्न इयूले आमन्त्रण गरेको थियो। प्रदर्शित तस्बिरहरू भूकम्पबाट अति प्रभावित १४ जिल्लामा संस्थाले गरिरहेको क्रियाकलाप सम्बद्ध रहेका थिए। टीआई नेपालको प्रदर्शन कक्षमा महामहिम राजदूत, वेरोनिका कोडी, नेपालस्थित युरोपियन युनियनको प्रतिनिधिमण्डलले अवलोकन गरेको थियो।




### स. आईपीईआरआर समिक्षा तथा छलफल

संस्थाद्वारा सञ्चालित भूकम्पपछिको पुनर्निर्माण  र पुनःस्थापनामा सदाचार कार्यक्रमको समिक्षा तथा छलफलहरू काठमाडौं, धुलिखेल, नगरकोट र चन्द्रागिरिमा पदाधिकारी तथा कार्यसमिति सदस्यको सहभागितामा समिक्षा बैठकहरू सम्पन्न गरिएको छ। कार्यक्रमहरूमा सचिवालयका कार्यकारी निर्देशक, वरिष्ठ अधिकृतहरू, भूकम्पबाट अति प्रभावित १४ वटा जिल्लामा कार्यरत १३ जना जिल्ला अधिकृतहरूको सहभागिता रहेको थियो।

समिक्षा तथा छलफल कार्यक्रममा आईपीईआरआर कार्यक्रमको चौमासिक गतिविधि, प्रभाव, चुनौति तथा पुनर्निर्माणमा आएका समस्याहरूबारेमा समिक्षा गरिएको थियो। ती समिक्षाहरूमा पछिल्लो चौमासिकको समिक्षा तथा अघिल्लो चौमासिकको योजनाबारेमा पनि छलफल भएको थियो। कार्यक्रममा १४ वटा जिल्लाका जिल्ला अधिकृतहरूद्वारा आ-आफ्नो जिल्लाको विवरण प्रस्तुत गरिएको थियो। साथै, प्रशासनिक र वित्तीय विषयमा पनि जिल्ला अधिकृतहरूलाई जानकारी दिइएको थियो। समिक्षामा सदाचार, जवाफदेहिता, तथा विभिन्न विषयमा गरिने अनुसन्धान विषयमा विज्ञहरूको सहभागितामा छलफल भएको थियो।



*आन्तरिक समिक्षामा संस्थाका पदाधिकारी र कर्मचारी*

## ३. नेपालको स्वास्थ्य क्षेत्रमा खुला करारका लागि पहल (OC4H) कार्यक्रम (नयाँ  परियोजना)

सरकारी निकाय, नीजि क्षेत्र, नागरिक समाज र सरोकारवालाको संलग्नतामा नेपालका स्वास्थ्य क्षेत्रमा खुला करारको प्रवर्द्धन गर्न यस कार्यक्रमको प्रारम्भ भएको छ। स्वास्थ्यका लागि खुला करारको अभ्यासले खरिदचक्रका सूचना सरल ढंगले उपलब्ध हुनेगरी प्रकाशन र तिनको उपयोग गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी ढंगले खर्च हुने कुराको सुनिश्चित गर्दछ। टीआई हेल्थ इनिसिएटिभको सहयोगमा फेब्रुअरी २०१९ देखि कार्यान्वयनमा आएको यस कार्यक्रमको बजेट रु. २,१८,२८,३८६/- रहेको छ भने अपेक्षित प्रतिफलकालागि क्रियाकलापका दायरा निम्नानुसार रहेका छन्:

- खुला करार प्रणाली र यसका चरणवद्ध तथ्याङ्कको प्रवर्धन गर्दै ईजीपी (EGP) र खुला करारका लागि निर्धारित तथ्याङ्क (OCDS) बारे अभ्यस्त गराउने।
- स्वास्थ्यक्षेत्र सम्बद्ध सरोकारवालाबीच सदाचारपूर्ण खरिद प्रक्रियाकाबारे छलफल चलाउने।
- औषधि उत्पादक, वितरक, आयातकर्ता आदिसँग सदाचारयुक्त व्यवसायका लागि समन्वय गर्ने।
- खुला तथ्याङ्क विषयक सूचना, शिक्षा र सञ्चार सामग्री तथा मिडियाको उपयोग गर्दै खुला करार अवलम्बनका लागि पहल गर्ने।

**ओसीफोरएच (OC4H) अन्तर्गत सम्पन्न गतिविधि**
मंसिर १५, २०७५ देखि असार ३१, २०७६

| क्रसं | गतिविधि | संख्या |
|---|---|---|
| १ | परियोजना उद्घाटन | १ |
| २ | **सरकारी कार्यालयहरूसँग बैठक:** समाज कल्याण परिषद्सँग बैठक - १, सार्वजानिक खरिद अनुगमन कार्यालयसँग बैठक - २, आपूर्ति शाखा, स्वास्थ्य सेवा विभागसँग बैठक - २, स्वास्थ्य मन्त्रालयसँग बैठक - १, नगर/गाउँ पालिकासँग बैठक - २, स्वास्थ्य आपूर्ति र सार्वजनिक खरिद अनुगमन कार्यालयसँग संयुक्त बैठक - २ | १० |
| ३ | नीजि क्षेत्रहरूसँग छलफल | ४ |
| ४ | गैरसरकारी संस्थाहरूसँग छलफल | ३ |
| ५ | एफएम रेडियोसँग सम्झौता | १ |
| ६ | पर्चा, नोटबुक, पेन वितरण | १ |
| | **जम्मा** | **२०** |

### क. नियमन निकाय र सरकारी कार्यालयसँगको सहकार्य

यो परियोजना सरकारको लागि सार्वजनिक खरिद प्रक्रियामा सुधार गर्ने सन्दर्भमा क्रियाशिल रहेको छ। यसै सन्दर्भमा हाल टीआई नेपालले नेपाल सरकारको सार्वजनिक खरिदको नियममनकारी निकायलगायत औषधि खरिदसम्बन्धी विभिन्न कार्यालयसँग छलफल र सहकार्य गरिरहेको छ।

### ओसीफरएच परियोजना औपचारिक प्रारम्भ गोष्ठी

संस्थाले स्वास्थ्य क्षेत्रका सम्पूर्ण सरोकारवालालाई परियोजनाको औपचारिक जानकारी दिने हेतुले २०७६ जेठ ९ का दिन एउटा सूचनाप्रवाह र छलफल गोष्ठीको आयोजना गरेको छ। गोष्ठीमा टीआई नेपालका पदाधिकारी, आपूर्ति व्यवस्थापन शाखाका निर्देशक, पीपीएमओका इञ्जिनियर, औषधि उत्पादन संघ नेपालका अध्यक्ष, योङ इनोभेसनका कार्यकारी, नागरिक समाजका प्रतिनिधि, अनुसन्धानकर्ता, पत्रकार, व्यवसायी, सरकारी कर्मचारीलगायतको उपस्थिति रहेको थियो। सरकार, मिडिया र व्यावसायिक क्षेत्रबाट गोष्ठीमा खुल्ला करार वषयमा धारणा लिन पहल गरिएको छ। साथै संस्थाको धारणा पनि सार्वजनिक गरिएको छ।



*ओसीफोरएच परियोजनाको उद्घाटन कार्यक्रम*

### सार्वजनिक खरिद अनुगमन कार्यालय (पीपीएमओ) छलफल

सार्वजनिक खरिद अनुगमन कार्यालयसँगका विभिन्न चरणमा भएका दुईपक्षीय र बहुपक्षीय बैठकमार्फत् खरिदचक्रको पारदर्शिता, ईजीपी प्रणालीको प्रयोग र यसको वर्तमान अवस्थाकाबारे जानकारी लिइएको छ। बैठकबाट हाल सम्पूर्ण आवश्यक डाटाहरू ईजीपी प्रणालीमा अपलोड भइनसकेको, ट्रान्सपरेन्सी पोर्टलमा हाल कुनै स्वास्थ्य क्षेत्रको डाटा नदेखिएकोले पारदर्शितामा अभिवृद्धि र सदृढ सार्वजनिक खरिद प्रक्रियाका लागि अझै बढी योगदान गर्न पहल सुरु गरिएको छ। वर्तमान प्रविधि र प्रक्रियामा केही जटिलता भएकोले ईजीपी खरिद प्रक्रिया धेरैजसो ठाउँमा प्रयोगमा नआएको र सरकारी तथा नीजि क्षेत्रले अझ बढी सरलीकृत, सुव्यवस्था र व्यावहारिक प्रक्रियाको चाहना गरेको जानकारी प्राप्त भएको छ। यी विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयसँग छलफल र सहकार्य अघि बढिरहेको छ।

**आपूर्ति व्यवस्थापन शाखा, स्वास्थ्य सेवा विभाग छलफल**

खरिद दक्षता र प्रक्रियागत सुधारका सन्दर्भमा संस्थाबाट विभिन्न चरणमा आपूर्ति व्यवस्थापन शाखाका निर्देशक तथा कार्यालयका प्राविधिकलगायत खरिद टीमसँग भेटघाट भएका छन् । राज्यको पुनर्संरचनापश्चात् सार्वजनिक खरिद तिनै तहका सरकारबाट हुने प्रावधान रहेको छ । पुरानो र नयाँ व्यवस्थाको संक्रमणकालमा हाल आपूर्ति व्यवस्थामा अन्योल भइरहेको र सम्बन्धित निकायहरू आफैँ पनि खरिद वर्गीकरणबारे पूर्णरुपले प्रस्ट भइनसेको, स्थानीयस्तरबाटै औषधिहरूको खरिद हुँदा अभाव हट्ला भन्ने आशा गरिएको तर खण्डित साना परिमाणका खरिदले मूल्य बढाउने पो हो कि भन्ने शंका विद्यमान रहेकोमा छलफल भएको छ । विभागबाट खरिद हुने केही औषधी र सामाग्रीको खरिद विवरण पारदर्शी बनाउन अनुरोध गरिएको छ ।

**सार्वजनिक खरिद प्रक्रिया तथा EGP बारे तालिम/गोष्ठी**



नेपाल सरकारको स्वास्थ्य सेवाअन्तर्गतका विभिन्न कार्यालय, नीजि उत्पादक र आपूर्तिकर्ता संस्था र नागरिक संस्थाहरूको उपस्थितिमा सार्वजनिक खरिद, EGP र स्वास्थ्य क्षेत्रमा खुला करार विषयक प्रशिक्षण सञ्चालन गरिएको छ । उक्त अवसरमा खुला करार र खुला तथ्याङ्क विषयमा सरोकारवालाहरूलाई अवगत गराइएको छ । खुला करारका सफल प्रयोग र प्राविधिक पक्षको जानकारी योङ इनोभेसनबाट खरिद प्रक्रियाबारे आपूर्ति व्यवस्थापन शाखाबाट र EGP का नीतिगत तथा प्राविधिक पक्षबारे नियमनकारी निकाय सार्वजनिक खरिद तथा अनुगमन कार्यालयबाट सूचना प्रस्तुत गरी क्षमता अभिवृद्धिको कार्यमा सहयोग पुऱ्याइएको छ ।

**प्रदेश नं. ३ स्थलगत अवलोकन**

प्रदेश-३ को राजधानी हेटौंडामा सामाजिक विकास मन्त्रालय, हेटौंडा उपमहानगरपालिका, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मनोहरा गाउँपालिका, हेटौंडा अस्पताल, गैसस र मिडियासँग भेटघाट तथा छलफल सम्पन्न भएको छ । सामाजिक विकास मन्त्रालयसँगको छलफलमा त्यहाँ हाल मानव संशाधनको कमी, खरिदको दायरा अझै प्रस्ट भइनसकेको जानकारी प्राप्त भएको छ । त्यसैगरी, हेटौंडा उपमहानगरपालिकाले १२ वटा स्वास्थ्य चौकी र २ वटा प्रवर्द्धन केन्द्रलाई समय-समयमा केही औषधि उपलब्ध गराउने तर आफैंले ईजीपी प्रयोग गरी औषधि खरिद गर्ने गरेको देखिएन । क्षेत्रीय मेडिकल स्टोरका रुपमा रहेको हाल स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा मौजूद रहने औषधिहरू केन्द्रको औषधि व्यवस्थापन शाखाबाटै खरिद भई आउने र मागनुसार जिल्ला स्वास्थ्य कार्यालय र अस्पतालमा औषधि पठाउने व्यवस्था रहेको जानकारी प्राप्त भयो । मनोहरा गाउँपालिकामा औषधि खरिदका लागि ९ लाख बजेट चालु आवमा रहेको जानकारी प्राप्त भयो । त्यसैगरी, माग र आपूर्तिबारे स्पष्ट अनुमान गर्न सजिलो नभएको, अनुगमन र रिपोटिङ्गको अभ्यास नरहेको, केन्द्रसँग समन्वय चुस्त नभएको सूचना प्राप्त भयो । हेटौंडा अस्पतालले केन्द्रकासाथै प्रदेशबाट निकासा बजेटबाट औषधि खरिद गर्ने गरेको, अस्पतालमा तीन वर्षदेखि नै ईजीपीको पूर्णरुपमा प्रयोग भइरहेको देखियो । भ्रमणबाट केन्द्र, प्रदेश, स्थानीय सरकारमा औषधि आपूर्ति व्यवस्थाको स्थितिको संक्षिप्त मापन गर्न सहयोग पुगेको छ ।

**ख. निजी क्षेत्रसँगको सहकार्य**

यस परियोजनामार्फत् निजीक्षेत्र, औषधि उत्पादक र वितरकसँग खरिद प्रक्रियालाई स्वच्छ, प्रतिस्पर्धात्मक, चुस्त र पारदर्शी बनाउन र सार्वजनिक खरिद प्रक्रियामा सामेल हुन छलफल सुरु गरिएको छ । एकाधिकारको कारण सरकारको लागत बढ्ने अवस्थाको सिर्जना हुने र खुला करारले साना/ठूला सबै व्यवसायीले कार्यक्षमताका आधारमा समान अवसर प्रदान गर्नेतर्फ सम्वाद गरिएको छ ।

**नेपाल औषधि उत्पादक संघ (एपोन)**

नेपाली औषधि उत्पादकहरूको आधिकारिक संघ एपोनसँग सार्वजनिक खरिदलाई पारदर्शी र चुस्त बनाउने सन्दर्भमा छलफलहरू गरिएको छ । नेपालस्थित औषधि उत्पादक भएका कारण सरकारलाई आफ्ना उत्पादन आपूर्ति गर्ने अनुकूल वातावरण बनाउन र उत्पादकहरूलाई सार्वजनिक खरिद प्रक्रियामा समावेश गराउन संघ इच्छुक रहेको देखिएको छ ।



*एपोनसँग छलफल*

**ग. नागरिक समाजसँगको सहकार्य**

सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र चुस्त बनाउनमा नागरिक संस्थाको पनि महत्वपूर्ण भूमिका रहन्छ । सार्वजनिक कोषहरू पारदर्शी तवरले जनहीतकारीरूपमा खर्च भएमा सरकारप्रति जनताको विश्वास बढ्छ । यसै सिलसिलामा संस्थाले योङ इनोभेसन, गैसस महासंघ नेपालजस्ता गैससहरूसँग नागरिक समाजका तर्फबाट निगरानीका लागि छलफल गरिरहेको छ ।

**घ. सार्वजनिक खरिद प्रक्रियाको वर्तमान कानूनी र ब्यावहारिक अवस्थाबारे अनुसन्धान**

स्वास्थ्य क्षेत्रको सार्वजनिक खरिद तथा खरिद डाटाको उपलब्धता शीर्षकमा विशेषज्ञ कम्पनीमार्फत् अनुसन्धान भइरहेको छ । यस अनुसन्धानले सार्वजनिक खरिद कानून, कार्यविधि, नियमहरू तथा स्वास्थ्य क्षेत्रका लागि निर्दिष्ट निर्देशनहरूको नक्साङ्कन, ईजीपी र खुला डाटा, निःशुल्क औषधि, खोपहरू र परिवार नियोजन सामग्रीहरूको खरिद प्रक्रिया र अभ्यासबारे मापन गर्नेछ । अध्ययनमा अति आवश्यक औषधिहरूको लागत गणना, केन्द्रीय र स्थानीयस्तरद्वारा खरिद भएका औषधिका मूल्यमा देखिएका भिन्नता बारे अध्ययन गरिनेछ । ईजीपी (EGP) को प्रयोग, कार्यान्वयनमा देखिएका चुनौतिबारे समेत अध्ययन गरी सुझाव सरोकारवालासमक्ष प्रस्तुत गरिनेछ ।

**ङ. रेडियो छलफल तथा सार्वजनिक सन्देश र सन्देशयुक्त सामाग्री**

स्वास्थ्य सेवामा सुधार, सार्वजनिक खरिद प्रक्रियामा पारदर्शिता र तथ्य सत्य सूचनाहरू सम्बन्धित पक्ष सबैले उपलब्ध गराउनुपर्छ भन्ने सन्देश सर्वसाधारणले थाहा पाउन भन्नाका लागि रेडियो नेपालबाट सार्वजनिक महत्वका सन्देशहरू प्रसारण भइरहेका छन् । रेडियो उपत्यक्काले खुला डाटा तथा खुला सार्वजनिक खरिदप्रक्रियाका विषयमा सर्वसाधारणलाई सार्वजनिक खरिदको स्थिति, OCDS, EGP र परियोजनाका आधारभूत विषयमा जानकारी प्रदान गरेको छ । परियोजनाबारे सूचना दिनका लागि ब्रोसर, सन्देश राखिएका स्टेशनरी सामाग्री आदि लक्षित वर्गलाई वितरण गरिएको छ भने संस्थाको वेभसाइट र मुखपत्र पारदर्शीमार्फत परियोजनाका क्रियाकलापबारे जानकारी दिइएको छ ।

## ४. जलवायु वित्त सुशासन (CFG) कार्यक्रम गतिविधि

यस वर्ष यस परियोजनाअन्तर्गत राष्ट्रियस्तरको अध्ययन प्रतिवेदन सार्वजनिक गरी राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराइएको छ । केही जिल्लाका स्थानीय जलवायु परिवर्तनसम्बन्धी परियोजनाहरूको मापन गरी नागरिक संघ-संस्थाबीच प्रभावको मूल्याङ्कन गरिएको छ । यस विषयमा जनचेतना जगाउने सन्देशहरू सञ्चारमाध्यमबाट प्रचारप्रसार गरी विद्यार्थीवर्गबीच जलवायु परिवर्तनका नकारात्मक असरहरूबारे जानकारी गराउन विद्यार्थी सचेतना कार्यक्रम सम्पन्न गरिएको छ । टीआई बर्लिनको सहयोगमा सञ्चालित यस कार्यक्रम भाद्र २०७६ मा समाप्त भएको छ ।

## ५. भावी परियोजना

यस संस्थाद्वारा सञ्चालन गरिएका **एलाक आउटरिच** र **क्लाइमेट फाइनान्स गभर्नेन्स** परियोजनाहरू सन् २०१९ मा समाप्त भएका छन् । यी परियोजनाहरूको प्रभाव समाज तथा आम-नागरिकमा राम्रो देखिएकोले निरन्तरताका लागि लागि सम्बन्धित दातृ निकायसँग ट्रान्सपरेन्सी इन्टरनेशनल (वर्लिन) मार्फत् छलफल सुरु गरिएको छ । यी कार्यक्रमहरूले सन् २०२० पश्चात् निरन्तरता पाउने सम्भावना बढेको छ ।

## भ्रमण प्रतिवेदन




### अध्यक्षको मलेसिया भ्रमण

ट्रान्सपरेन्सी इन्टरनेशनल्क (वर्लिन)को अध्यक्ष, निर्देशक र एशिया प्याशफिक क्षेत्रका राष्ट्रिय च्याप्टरहरूको उपस्थितिमा मलेशियामा एक बैठक आयोजना गरिएको छ । बैठक टीआई को रणनीतिक योजनामा सुझाव ग्रहण गर्ने उद्देश्यले आयोजना गरिएको छ । टीआईको साधारणसभामा प्रस्तुत हुने कार्यसूचीको विषयहरू उपर राष्ट्रिय च्याप्टरका अध्यक्षहरूको राय-सुझाव संकलन गरिएको थियो ।

### भ्रष्टाचारविरोधी सम्मेलन, यूके

ट्रान्सपरेन्सी इन्टरनेशनलले बेलायतको राजधानी लन्डनमा Open Contracting for Health (OC4H) बैठक र विल्टनपार्कमा भ्रष्टाचारविरोधी सम्मेलन आयोजना गरेको थियो । टीआईको आमन्त्रण र टीआई नेपालको निर्णयपश्चात् संस्थाको प्रतिनिधिको रुपमा टीआई नेपालका कार्यकारी निर्देशक आशिष थापाको सहभागिता रह्यो । बैठक २०७५ माघ २ देखि ४ सम्म आयोजना गरिएको थियो । OC4H परियोजनामा संग्लग्न टीआई राष्ट्रिय च्याप्टरहरू जाम्बीया, केन्या, साउथ अफ्रिका र नेपालका प्रतिनिधि र टीआई (OC4H) प्रतिनिधिहरूको सहभागिता यस बैठकमा रहेको थियो ।

सरकार, उत्पादक, नागरिक संस्थासँग नियमित सम्पर्कमा रहँदै विभिन्न परिवेश र प्रक्रियामार्फत् उद्देश्यतर्फ उन्मुख हुनुपर्नेमा छलफल केन्द्रित रह्यो । सरकारी खरिद/बिक्री तथ्याङ्कलाई Open Contracting Data System (OCDS) मैत्री बनाउने, त्यसपछि विश्लेषण गर्ने र तथ्याङ्क प्रयोग गरी सुधारको लागि वकालत गर्ने विषयमा विस्तृत छलफल गरियो । विल्टन पार्कद्वारा ससेक्समा आयोजना गरिएको 'भ्रष्टाचारविरुद्ध प्रगति, सिकाई र क्षमता अभिवृद्धि' शीर्षकको सम्मेलनमा सार्वजनिक खरिदसम्बन्धी ऐन, नियम, कार्यविधि र स्तर सबै देशमा रहेको, धेरै हदसम्म तिनका न्यूनतम मूल्य-मान्यता समान रहेको भए तापनि सार्वजनिक खरिदमा राजनीतिक प्रभाव रहने भएकाले भ्रष्टाचार बढी हुने गरेको र देशको राज्य व्यवस्था र राज्य सञ्चालनमा मुख्य जिम्मेवार दल/व्यक्ति र देशको सामाजिक परिवेशबाट भ्रष्टाचारविरुद्धको कार्य प्रभावित हुने गरेको छलफल गरियो ।

### स्वास्थ्य क्षेत्रमा योजना र खुला करार कार्यशाला दक्षिण अफ्रिका



ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) हेल्थ इनिसिएटीभले दक्षिण अफ्रिकाको केपटाउनमा Advocacy and Project Planning on Open Contracting For Health (OC4H) कार्यशाला २०७५ चैत १९-२६ सम्म सम्पन्न गरेको थियो । सो कार्यशालामा संस्थाका तर्फबाट संयोजक तुम्बुरु गौतम र कार्यक्रम अधिकृत सम्राट रायमाझीको सहभागिता रहेको थियो । कार्यशालाको पहिलो र दोस्रो दिन परियोजनाको ध्येय, कार्यान्वयनको ढाँचा, सरकार तथा सरोकारवालासँग पैरवीको रणनीति, परियोजनाका जार्गन, ओपन डाटा, पारदर्शी टेण्डर चक्र, समस्या र समाधानका चक्र आदिका बारेमा व्यावहारिक तथा सैद्धान्तिक छलफल भएको थियो । तेस्रो र चौथो दिन अघिल्ला दिनका विषयमा सहकर्मीहरूबीच एकापसमा छलफल गर्नका लागि छुटचाइएको थियो । आफ्नो रुची र आवश्यकताअनुसार सहभागी देशका प्रतिनिधिले अनौपचारिकरुपमा सूचना आदान/प्रदान गरेका थिए । पाँचौं दिनमा परियोजना मनिटरिङ, मूल्याङ्कन, अवसर र चुनौति , ओपन डाटा, टुलकिट, टाइमलाइन आदिका विषयमा ब्यवहारिक ज्ञान बाडिएका थिए । त्यसैगरी, कार्यक्रमको उत्तरार्धमा उपस्थित सबै देशका प्रतिनिधिद्वारा आफ्ना देशमा परियोजनाअन्तर्गत हालसम्म भएका प्रगति, चुनौति र आगामी रणनीतिका बारेमा प्रस्तुति गरिएको थियो ।

टीआई एचआईद्वारा २०७५ भदौ ९-१३ सम्म पुनर्ताजगी कार्यशालाको आयोजना लण्डनमा गरिएको छ । गोष्ठीमा संस्थाका तर्फबाट नवनियुक्त कार्यक्रम अधिकृत रन्जिता कुमारी चौधरीले भाग लिनुभएको थियो । उक्त अवसरमा

परियोजनाको प्रगति विवरण र सिकाईहरूको आदान-प्रदान गर्नुकासाथै डाटा एनालाइसिस, अनुगमन तथा मूल्यांकन फ्रेमवर्क, बजेट, लगफ्रेम, सूचक, सूचना हव तथा आगामी कार्ययोजनाबारे छलफल भएको थियो ।

### टीआईको वार्षिक सदस्यता भेला कोपनहेगन २०१८

डेनमार्कको राजधानी कोपनहेगनमा आयोजना गरिएको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) को वार्षिक सदस्यता भेलामा कार्यसमितिको निर्णयबमोजिम कार्यकारी निर्देशक आशिष थापाको सहभागिता रह्यो । सदस्यता भेला २०७५ कार्तिक ३ र ४ मा आयोजना गरिएको थियो । भेलामा टीआईका ११८ मध्ये ९० भन्दा बढी राष्ट्रिय च्याप्टर र व्यक्तिगत सदस्यहरूको उपस्थिति रहेको थियो ।

भेलाको पहिलो दिन विश्व परिवेशमा समसामयिक विषयवस्तु तथा परिवर्तित मूल्य-मान्यताका विषयमा छलफल गरिएको थियो । कालो धनलाई स्रोतमै कसरी नियन्त्रण गर्ने, सार्वजनिक खरिद र संरचना निर्माणमा कालो धनको सन्दर्भ, राजनीतिक दलको चन्दा र स्रोत संकलन कसरी पारदर्शी बनाउने, दल र लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणजस्ता महत्वपूर्ण विषयहरूमा समानान्तर गोष्ठीहरू आयोजना गरिएका थिए । दोस्रो दिनको टीआईका राष्ट्रिय च्याप्टरका प्रतिनिधि र टीआई बोर्ड प्रतिनिधिबीच आन्तरिकरुपमा छलफल गर्नुपर्ने विषयवस्तुमा प्रश्न/उत्तर-शत्र आयोजना गरिएको थियो । तत्पश्चात् सन् २०१९-२० सम्मका प्राथमिकताका केही विषयहरूमा साझा प्रयास कसरी कायम राख्ने भन्नेमा छलफल गरियो । तत्पश्चात् सदस्यता भेला टीआईका अध्यक्ष डेलिया फेरिरा रूवीयोद्वारा सञ्चालन गरिएको थियो । टीआई बोर्डको विभिन्न समितिहरूद्वारा क्रमशः प्रगति प्रतिवेदन प्रस्तुत गरियो । भेलामा विधान संशोधनका लागि प्रस्ताव गरिएका विभिन्न संशोधनहरू मतदाको प्रक्रियाबाट अनुमोदन गरियो । प्रस्तावहरू अनुमोदन भएपश्चात् टीआई बोर्डमा रिक्त रहेको एक सदस्य पदका एकल उम्मेदवार टीआई चिलीका कार्यकारी निर्देशक अल्वर्टो प्रेचटको मतदानको प्रक्रियाबाट निर्वाचन सम्पन्न गरियो । निर्वाचन परिणाम घोषणा भएपश्चात् सभाध्यक्षद्वारा धन्यवादसहित सभा विसर्जन गरियो ।

### टीआई एसिया प्रशान्तक्षेत्र बैठक

अस्ट्रेलियन सरकारको सहयोगमा संस्थाकले सञ्चालन गरेको एलाक आउटरिच परियोजनासम्बन्धी एसिया प्रशान्त बैठकमा कार्यकारी निर्देशक आशिष थापा, वरिष्ठ अधिकृत ठमनाथ घिमिरे र वरिष्ठ अधिकृत बबिता शर्माको सहभागिता रहेको थियो । बैठक २०७६ बैशाख १८-२१ सम्म थाइल्यान्डको बैंककमा सम्पन्न भएको थियो । कार्यक्रममा टीआईका बंगलादेश, पाकिस्तान, नेपाल, भानावातु, भियतनाम, इन्डोनेशिया, कम्बोडिया, पपुवान्युगिनी, सालमन आइल्यान्ड, श्रीलङ्का गरी १० राष्ट्रिय च्याप्टरका प्रतिनिधिको उपस्थिति रहेको थियो । परियोजना निरन्तरताका लागि प्रस्तावको खाका तयार गर्न छलफलहरू सम्पन्न गरिएका थिए ।



### भूकम्पपछिको पुनर्निर्माण हेर्न भारत




भूकम्पपछिको पुनर्निर्माण र पुनःस्थापनामा सदाचार (आईपीईआरआर) कार्यक्रमअन्तर्गत अवलोकन भ्रमणहरू सम्पन्न गरिएका छन् । अवलोकन भ्रमणमा टीआई नेपालका वरिष्ठ अधिकृत विनोद भट्टराई, जिल्ला अधिकृतत्रय जुनु ढकाल, शारदा नेपाली, कमला रानाको सहभागिता रहेको थियो । भ्रमण २०७५ चैत २२-२७ मा सम्पन्न भएको थियो । भारतको गुजरातको कुज जिल्लाको भुजमा सन् २००१ जनवरी २६ मा गएको विनाशकारी भूकम्पपछि भएको पुनर्निर्माण र पुनःस्थापना गतिविधिहरूमा सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूको भूमिका, पुनःस्थापनाको

अवधारणा, प्रशासनको व्यवस्थापन पक्षको बारेमा जानकारी लिने र साथै त्यस्मा आम-नागरिकको सहभागिता र अनुभव लिन भ्रमण गरिएको थियो ।




यसैगरी, वरिष्ठ अधिकृत दिनानाथ भट्टराई, जिल्ला अधिकृतत्रय प्रमिला थिङ गंगा घिमिरे, सानुबाबु तिमिल्सिनाबाट २०७६, २३ देखि २७ असारसम्म सोही परियोजनाका लागि भारत (गान्धीनगर, अहमदावाद, भुज, नयाँ दिल्ली) भ्रमण गरिएको छ । भ्रमणको मुख्य सिकाइका रुपमा सरकारी तथा गैरसरकारी संघ-संस्था र स्थानीय समुदायबीचको सहकार्य तथा समन्वय सकारात्मक भएका कारण पुनर्निर्माणको कार्य व्यवस्थित ढंगबाट समयमा नै सम्पन्न भएको पाइएको छ ।

**टीआई सचिवालय प्रतिनिधि आगमन**

यस वर्ष टीआईको सहयोगमा संचालित एलाक आउटरिच र क्लाइमेट फाइनान्स गर्भनेन्स परियोजना सम्बद्ध टीआई (बर्लिन) सचिवालय प्रतिनिधिहरूले नेपाल भ्रमण गरेका छन् । भ्रमणमा परियोजनाको प्रभाव र भावी स्वरुपबारे छलफल भएको छ । विभिन्न जिल्लामा भएका पहल र प्रयासको अवलोकन पनि भ्रमणका बेला सम्पन्न भएका छन् ।

## इन्टर्नसिप

स्वदेशी र विदेशी विश्वविद्यालयका निम्न विद्यार्थीहरूले संस्थाको काममा स्वयंसेवीको रुपमा संलग्न रहँदै इन्टर्नसिप पूरा गरेका छन् :

**मनोज रेग्मी**



काठमाडौंको बसुन्धरास्थित ओरियन्ट कलेजका विद्यार्थी मनोज रेग्मी यस संस्थामा ६ हप्ता इन्टर्न रहेको थिए । त्रिभुवन विश्वविद्यालयअन्तर्गतको सामाजिक कार्यमा स्नातक दोस्रो तहमा अध्ययनरथ रहेको रेग्मीले संस्थाको सञ्चालन कार्यविधिको अध्ययन, नेपाली अनुवादलगायतका कार्य गरेका थिए ।

**किनो साइतो**



टोकीयो विश्वविद्यालयकी स्नातकोतरस्तरमा अध्ययनरथ विद्यार्थी किनो साइतोले भ्रष्टाचार र मानव बेचविखनको  विषयमा ६ हप्ता अध्ययन अनुसन्धान गरेकी छन् । साइतोले संस्थाका डिजाइनिङ र चित्रकला कार्यमा सहयोग पुर्‍याएकी थिइन् ।

## आर्थिक स्थिति

- संस्थाको आर्थिक अवस्था स्थिर रहेको छ। यस आर्थिक वर्षमा दातृ निकायको सहयोगमा ४ वटा कार्यक्रम/परियोजनाहरू सञ्चालन भइरहेका छन् । संस्थाको तलब तथा प्रशासनिक खर्च परियोजनाले नै ब्यहोर्ने व्यवस्था मिलाइएकाले कार्यालय सञ्चालन र जनशक्तिको व्यवस्था नियमित हुन सकेको छ ।
- २०७५/०७६ मा संस्थाको कुल आम्दानी करिब रु. ३ करोड २ लाख रह्यो । परियोजनाहरूअन्तर्गत अघिल्लो आव २०७४/०७५ बाट ल्याइएको करिब रु. ७५ लाख जोड्दा आव २०७५/०७६ मा करिब रु. ३ करोड ७७ लाख रकम उपलब्ध रहेको थियो ।
- आम्दानीको मुख्य श्रोत परियोजनासम्बन्धी सहयोग रह्यो । मुख्यतः युरोपियन युनियनबाट करिब रु. २ करोड ७० लाख, ट्रान्सपरेन्सी इन्टरनेशनलबाट करिब रु.१६ लाख र ट्रान्सपरेन्सी इन्टरनेशनल युकेबाट करिब रु. १६ लाख पेश्कीस्वरुप प्राप्त भयो ।

- यस वर्ष जम्मा खर्च करिब रु. २ करोड ९६ लाख रहेको छ । सोमध्ये कार्यक्रम र सम्बन्धित तलब खर्चमा करिब २ करोड ७५ लाख र प्रशासनिक खर्चमा करिब २१ लाख खर्च भएको छ । बाँकी रहेको रकम संस्थाको बैंक खाताहरूमा रहेको छ ।
- संस्थाको आफ्नै बचत रकम करिब रु. १ करोड ५४ लाख पुगेको । सो रकमहरू मुद्दति तथा बचत खातामा रहेको छ । यो श्रोतको अभावमा प्रयोग गर्न सकिनेछ ।

## चुनौति

लामो राजनीतिक संक्रमणकालले देशलाई गाँजिरहेको अवस्था, अस्थिर सरकार र प्रतिवद्धताको कमीबीच संस्था क्रियाशील रहँदा केही चुनौतिहरू महसूस गरिएको छ । जुन निम्न लिखित रहेका छन् :

**केही प्रमुख चुनौति**

- दलहरूको कार्यनीतिमा देखिएको भिन्नताका कारण सुधारका लागि गरेको वकालतको प्रभावमा कमी देखिएको ।
- बारम्बार सरकार परिवर्तनका कारण भ्रष्टाचारबिरुद्धको प्राथमिकतामा कमी रहँदैआएको स्थिति विद्यमान रहेको ।
- सरकारको कार्यशैलीमा देखिएको परम्परावादी सोचका कारण कार्यशैली परिवर्तन हुन नसकेको स्थिति रहेको ।
- घुस दिने र लिने कार्य संस्थागत र संस्कृतिजस्तै भएको सामाजिक सोचाईमा वृद्धि भएको ।
- राष्ट्रिय सदाचार प्रणालीको प्रवर्द्धन कार्यमा सम्बन्धित निकायको इच्छाशक्तिमा कमी र असमझदारी रहेको ।
- निर्वाचनपश्चात् देश प्रादेशिक प्रणालीमा प्रवेश गरेको अवस्थामा अधिकार क्षेत्रको अन्यौल विद्यमान रहेको ।
- भ्रष्टाचारविरुद्धको अभियानमा नागरिक संस्थाहरू सदैव दातामुखी हुनुपर्ने बाध्यात्मक स्थिति रहेको ।
- सरकारले नागरिकहरूले बुझ्ने किसिमको सुचनाहरू दिन नचाहने स्थिति अझै पनि विद्यमान रहेको ।
- सरकारको सेवा प्रवाहमा धेरैभन्दा धेरै जनगुनासोहरू आउने गरेको स्थितिमा सुधार हुन नसकेको ।

## प्रभाव

टीआई नेपालले नियमितबरुपमा सुशासन र पारदर्शिता कायम गराउन पहल गर्दछ । सुधारका लागि वकालत गर्दछ । तथ्यमा आधारित भई अनुसन्धान, वहस, पैरवी र गतिविधि कार्यान्वयन गर्दछ । यस्तो कार्यबाट सम्बन्धित तथा सरकारी पक्षलाई घच्घचाएको र केही सकारात्मक प्रभाव पारेको छ ।

**प्रभाव**

- संस्थाबाट भएका सकारात्मक परिवर्तनका लागि पहल, नकारात्मक कार्यको दुरुत्साहन, नियमित खवरदारी र निगरानीले मूलतः भ्रष्टाचारलाई रोक्न, कम गर्न र प्रतिरोध गर्ने जमातको निर्माण गर्न सहयोगी भूमिका खेलेको छ ।
- समग्रमा टीआई नेपालको भूभिकाले सजिलैसँग हुनसक्ने भ्रष्टाचारजन्य क्रियाकलापका लागि तगारोको काम गरेको छ । सरकारको सेवा प्रवाहमा, अनियमितता, ढिलासुस्ती जस्ता विषयमा सुधारको पहल गरिएको छ ।
- संस्थाले सरकारलाई भ्रष्टाचारका क्रियाकलापमा औंला उठाइरहेको छ, सचेत गराइरहेको छ र कोही सरकारका कामहरूको निगरानी कसैले गरिरहेको छ है भन्ने आभास दिलाउन सक्षम भएको छ ।
- टीआई नेपालको वकालतले राजनीतिक क्षेत्र, सरकार, न्यायलयमा हुर्कदै गरेका विकृति तथा विसंगतिविरुद्ध नागरिकहरू सुसूचित हुँदै यसका विरुद्ध आवाज बुलन्द गर्न थालेका छन् । सञ्चारमाध्यमले यस्ता विषयलाई थप उजागर पारेका छन् । त्यस्तो कार्य रोक्ने गरी कानुन निर्माण गर्न तथा सुशासन कायम राख्ने वातावरण निर्माण भइरहेको छ ।
- टीआई नेपालले गरेको हस्तक्षेपकारी भूमिका र वकालतले कालाबजारिया, मूल्यवृद्धि, गुणस्तरजस्ता क्षेत्रहरूमा थिति बसाल्ने कार्यको सुरुवात भएको छ । सामाजिक संस्था, नागरिक समाज तथा भ्रष्टाचारविरोधी जनमानस गोलवद्ध हुन सहयोग पुगेको छ । सार्वजनिक सुनुवाई गर्ने परम्परा बसाउन कोशिस गरिएको छ । सरकारी निर्माणहरूको टेन्डर शर्तअनुसार भए/नभएको विषयमा सरोकारवालाहरूलाई सजग गरिएको छ र जानकारी लिने र दिने परम्पराको सुरुवात गरिएको छ ।

- वर्षौंको प्रयत्नस्वरुप आम-नेपाली नागरिक तथा विदेशीहरूसमेतबाट टीआई नेपाल तथा सम्बन्धित नियमन कार्यालयमा भ्रष्टाचार अनियमितता तथा ढिलासुस्ती सम्बन्धमा गुनासो दर्ता गर्ने क्रम त्रमिकरुपमा बढेको छ । प्राप्त हुने गुनासो सम्बन्धित कार्यालयहरूमा ध्यानाकर्षण गराइएका छन् । भ्रष्टाचारविरुद्धको सहकार्यमा जोड दिइएको छ । यस्तो कार्यले ती कार्यलयको सेवामा सुधार भएका छ भनेर विषय सेवाग्राहीहरूले अनुभव सुनाउने गर्दछन् । भन्ने गरेका छन् ।
- सरकार नीति बनाएर भ्रष्टाचार, ढिलासुस्ती तथा अनियमितता रोक्ने दिसामा अगाडि बढेको आभास हुनथालेको छ । जस्तो कि भूकम्पपिडितका नाममा बनेका एककोठे घरको विषय, बैंकहरूको सेवा स्थानीयस्तरमा नै पुऱ्याउने विषय, जनप्रतिनिधिहरूलाई अधिकार दिने विषय, लाभग्राहीको झन्झटिलो प्रक्रियालाई छोट्याउने विषय आदि ।
- सदाचारको प्रवर्द्धन गर्न विभिन्न जिल्लाका स्थानीय निकायमा सदाचार प्रतिवद्धता-पत्रमा हस्ताक्षर गराइएको छ । यसबाट जनमानसमा सुशासन, जवाफदेहिता, पारदर्शिताजस्ता महत्वपूर्ण सन्देशप्रवाह भएको छ । भ्रष्टाचार न्यूनीकरण र सदाचार प्रवर्द्धनमा युवाहरूको परिचालन गरिएको छ । जनप्रतिनिधि जिम्मेवार बन्न सहयोग पुगेको छ ।
- वातावरणीय असर र यस क्षेत्रमा भइरहेको कामको पारदर्शिता, जवाफदेहिता तथा सदाचार विषयमा संस्थाको संग्लग्नता हुनुका कारण सरोकारबीच सहकार्य बढेको छ ।
- सरकारी स्वास्थ्य सेवा प्रभावकारी नभएको, स्वास्थ्य संस्थामा औषधि नपाएको, सेवामा ढिलासुस्ती भएकोजस्ता विषयमा जनचेतना बृद्धि भएको छ ।
- जिल्लाहरूमा उपयोग नै नहुने एककोठे घरहरू बनेका, नगरपालिका तथा राजमार्गहरूको मापदण्डमा परेका लाभग्राहीहरूले घर बनाउन नसकेका, बैंकहरूले पीडितहरूलाई दिनुपर्ने लोनप्रवाह नगरेका, गैरसरकारी संस्थाहरूको काम पारदर्शी नभएको, एकल महिला, बृद्ध, अपाङ्गहरूले लाभग्राही सूचिमा नाम भएर पनि घर निर्माण गर्न नसकेको, स्वःबासी, भूमिहीन, सुकुम्बासीहरूले घर बनाउन नपाएको, पुनर्निर्माण भएका घरहरूले परम्परा संकृतिको जगेर्ना नगरेको, एनआरएको किस्ता वितरणमा ढिलासुस्ती भएकोजस्ता विषयहरूमा सम्बन्धित नियमन निकायलाई ध्यानाकर्षण गरी दवाब दिएर कार्य प्रभावकारिता बढाउन सहयोग गरिएको छ ।
- विद्यालयहरूमा शिक्षक नियुक्ति, विद्यालयको कोषको अनियमितता, पुनर्निर्माण गर्नुपर्ने विद्यालयहरूको गुणस्तर, विषयमा नागरिक समाज, प्राविधिक, पत्रकारसहितको टोलीले सम्बन्धित निकायलाई आवश्यक ध्यानाकर्षण गरी कार्य सुधार गरिएको छ । विद्यालयको विद्यार्थीहरूलाई सदाचारबारे अभिमुखीकरण गरिएको छ ।

## आगामी वर्षका कार्यहरू

भ्रष्टाचारविरुद्धको अभियानमा नागरिक समाजको तर्फबाट नेतृत्वकारी भूमिकाको निरन्तरताका लागि निम्नलिखित कार्यहरू आगामी वर्षमा जारी राखिनेछ ।

- नीतिगत तवरबाट नै हुनसक्ने अनियमिततालाई रोक्न शिघ्र सुझाव दिई वकालतलाई बलियो बनाउने ।
- राष्ट्रियस्तरमा भ्रष्टाचारविरुद्धको अभियानलाई प्रवर्द्धन गर्न जिल्लास्थित आवद्ध संस्थाहरूसँग सहकार्य गर्ने ।
- भ्रष्टाचारविरोधी गतिविधिहरूको पहिचान गर्न तथा कुशलतापूर्वक उक्त विषयहरू उठान गर्न अनुसन्धान तथा अध्ययनकार्यलाई अगाडि बढाउने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरू आयोजना गरी भ्रष्टाचारजन्य गतिविधिसम्बन्धी सचेतना प्रदान गर्ने ।
- प्रत्यक्ष जनतासँग सम्बन्धित सूचना तथा जानकारीहरू सम्प्रेषण गराउन थप प्रयास गर्ने ।
- भूकम्पपछिको पुनर्निर्माण, जलवायु परिवर्तन, स्वास्थ्य, शिक्षाजस्ता विषयहरूमा विशेष ध्यान दिने ।
- यस वर्ष चालु रहेका परियोजनाहरू क्रमशः आईपीईआरआर र ओसीफोरएचलाई अगाडि बढाउने ।
- एलाक र जलवायुसम्बन्धी गतिविधिको निरन्तरताका लागि श्रोतको खोजी गर्ने ।

## उपसंहार

यस अवधिमा टीआई नेपालले आफ्नो कार्यक्षेत्रमा रही सम्बद्ध सरोकारवालाहरूलाई भ्रष्टाचारका विरुद्ध झक्झक्याउने काम गरी नै रह्यो । यसै सिलसिलामा समसामयिक मुद्दाहरूमा छलफल, सुशासन र पारदर्शिता कायम गराउने पहल, नेपाल सरकारसँग भेट, सार्वजनिक महत्वका विषयमा गोष्ठी र सम्वाद, नीतिगत मुद्दाहरूमा सरकारको ध्यानाकर्षण, तथ्यमा आधारित अनुसन्धान र आवश्यक पैरवी गर्ने काम भएका छन् । संस्थाले राष्ट्रिय र स्थानीयस्तरमा देखिएका बेथिति र नीतिसंगत नदेखिएका कार्यको अनुगमन र मूल्याङ्कनको लागि सक्रिय भूमिका खेलेको छ । राष्ट्रिय योजनाहरू कार्यान्वयन भएका छन् कि छैनन् भन्ने सुनिश्चित गर्न सरोकारवाला तथा विज्ञहरूसँग छलफल गरिएको छ । जिल्लास्थित साझेदार संस्था र सरोकारवालाहरूसँग थप प्रभावकारी कार्यसम्पादनका लागि सुझावहरू दिइएको छ । पदाधिकारीबाट संस्थाका आफ्ना आधिकारिक दृष्टिकोण फैलाउन नियमित अवलोकन र समीक्षा गरिएको छ ।

यस अवधिमा केही सकारात्मक प्रगति पनि भएका छन् । विशेषगरी आवश्यक कानुन निर्माणमा तिब्रता, विकासका आधारभूत संरचनाको योजना तर्जुमा तथा विकास आयोजनाको निर्माणकार्यमा केही गति आएको देखिन्छ । जुन निश्चय नै स्वागतयोग्य कदम हुन् । तर पनि, नेपालको राष्ट्रिय सदाचार प्रणालीमा अपेक्षित सुधार भएको देखिँदैन । सर्वसाधारणका लागि अति आवश्यक सार्वजनिक सेवा सहज, सरल र सर्वत्र उपलब्ध हुने अवस्थाका लागि अझ समय लाग्ने देखिन्छ । यी अनुभव सात प्रदेश र ७५३ स्थानीय सरकार क्रियाशील भएका स्थानमा समेत महसुस भएको यथार्थ आम-सञ्चारमाध्यम र सार्वजनिक वहसमा व्यक्त हुने गरेको छ । भ्रष्टाचार नियन्त्रण हुने र अनियमितता हट्नेतर्फ सकारात्मक स्थिति विकसित भएको अनुभव गर्न नसकिएको जनगुनासो कायमै छ । खासगरी स्थानीय सरकारका सेवाग्राहीहरूबीच यो गुनासो अझ धनीभूत रुपमा कायम रहेको छ । आम-सञ्चारमाध्यम, नागरिक समाज तथा सार्वजनिकरुपमा अभिव्यक्त जनभावना तथा गुनासोलाई अवलोकन गर्दा यही नै संकेत स्पष्ट हुन्छ ।

पछिल्लो समयमा कार्यान्वयनमा ल्याइएको कार्य सम्पादन सम्झौताको सुरुवातले सुधारको लागि पाइला चालेको देखिन्छ । तर, यसको प्रतिफल आउन केही समय कुर्नुपर्ने हुन्छ । सेवाग्राहीलाई सरकारी कार्यालय, बजार, सार्वजनिक यातायात, तथा अन्य सेवा प्रदान गर्ने संस्थामा अनियमितता, अनास्था, तथा अनावश्यक झमेला झेल्नुपर्ने बाध्यतामा कमी गर्न जरुरी छ । संघीयता कार्यान्वयन क्रममा तीन तहको (संघीय, प्रादेशिक र स्थानीय) सरकार क्रियाशील भएपछि गाउँमा सिंहदरबारको जनादेशको आशा र सोमा विरोधाभासको खाडल हटाउनेतर्फ सबै उन्मुख हुन जरुरी छ ।

बदलिएको राजनीतिक परिवेश अनुरुप लगातार पहरेदारको भूमिका निर्वाह गर्न टीआई नेपाल क्रियाशील छ । आगामी दिनमा आफ्नो रणनीतिक कार्यदिशाअनुसार सम्बद्ध सरोकारवालासँग सहकार्यमा जुटिरहने प्रतिवद्धतासहित विधिको शासनलाई संस्थागत गर्ने उद्देश्यले चालिने हरेक कदमको टीआई नेपाल स्वागत गर्दछ ।

## ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
### आवद्ध संस्था

| प्रदेश नं. | जिल्ला | आवद्ध संस्था |
|---|---|---|
| १ | इलाम | महिला जागरण संघ<br>इलाम नगरपालिका-८, सिंहबाहिनी, इलाम |
| | मोरङ | नागरिक सरोकार मञ्च<br>विराटनगर उपमहानगरपालिका-११, मोरङ |
| | सुनसरी | संकल्प समुदायमा आधारित पुनर्स्थापना<br>इनरुवा नगरपालिका–३, इनरुवा, सुनसरी |
| | उदयपुर | मानवअधिकार र वातावरण विकास केन्द्र<br>त्रियुगा नगरपालिका–१२, बुद्धचोक, उदयपुर |
| २. | सिरहा | सामुदायिक विकास समिति<br>सिरहा नगरपालिका-७, सिरहा |
| | धनुषा | जनचेतना तथा विकास कार्यक्रम<br>जनकपुर उपमहानगरपालिका-९, धनुषा |
| | पर्सा | सदाचार अभियान<br>वीरगञ्ज, पर्सा |
| | दोलखा | मानव अधिकार सचेतन तथा विकास केन्द्र<br>भीमेश्वर नगरपालिका–१०, चरिकोट, दोलखा |
| | चितवन | भ्रष्टाचार विरुद्ध अभियान<br>भरतपुर महानगरपालिका -१०, रेडक्रस भवन, चितवन |
| ४. | कास्की | सुशासनका लागि नागरिक समाज<br>पोखरा महानगरपालिका-८, नयाँबजार, कास्की |
| ५. | रुपन्देही | पारदर्शी सरोकार समूह<br>ट्राफिकचोक, बुटवल उपमहानगरपालिका-४, रुपन्देही<br><br>पारदर्शी नेपाल सिद्धार्थनगर<br>सिद्धार्थनगर नगरपालिका-९, भैरहवा |
| | गुल्मी | सुशासन अभियान<br>रेसुङ्गा नगरपालिका- १, पुतलीबजार, तम्घास, गुल्मी |
| | बाँके | बागेश्वरी असल शासन क्लब<br>नेपालगञ्ज नगरपालिका-१०, बाँके |
| | दाङ | विकासका लागि सामाजिक सद्भाव<br>तुलसीपुर उपमहानगरपालिका, दाङ |
| ६. | सुर्खेत | नागरिक सरोकार संघ<br>विरेन्द्रनगर नगरपालिका-८, सुर्खेत |
| | मुगु | भवानी जनहित विकास केन्द्र<br>गमगढी, मुगु |
| ७. | कैलाली | सदाचारका लागि सामाजिक पहल<br>धनगढी उपमहानगरपालिका-५, धनगढी, कैलाली |
| | दार्चुला | समाज कल्याण समाज<br>महाकाली नगरपालिका-४, दार्चुला |

**ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल**
**भूकम्पपछिको पुनर्निर्माण र पुनःस्थापनामा सदाचार परियोजना**
**जिल्ला सम्पर्क कार्यालय**

| | |
|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर | छक्कुबक्कु मार्ग, नयाँ बानेश्वर-१०, काठमाडौं, नेपाल<br>फोनः ०१ ४४७५११२ |
| ओखलढुङ्गा | सिद्धिचरण नगरपालिका वडा नं. १२, जिविस टोल बजार,<br>फोनः ०३७ ५२०२४६ |
| दोलखा | भीमेश्वर नगरपालिका वडा नं. ३, चरिघचाङ बजार,<br>फोनः ०४९ ४२१४११ |
| रामेछाप | मन्थली नगरपालिका वडा नं. १, बिनिता चोक, मन्थली<br>फोनः ०४८ ५४०५२१ |
| सिन्धुली | कमलामाई नगरपालिका वडा नं. ६, प्लट नं. २ बजार,<br>फोनः ०४७ ५२११९८ |
| सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी न.पा. वडा नं. ५, जुगल बजार,<br>फोनः ०११ ६२०१५५ |
| काभ्रेपलान्चोक | धुलिखेल नगरपालिका वडा नं. ७, सरस्वती बजार,<br>फोनः ०११ ४९१०६८ |
| रसुवा | गोसाईकुण्ड गाउँपालिका वडा नं. ६ धुन्चेबजार,<br>फोनः ०१० ५४००७४ |
| नुवाकोट | विदुर न.पा. वडा नं. ४, नगरपालिका अफिसरोड<br>फोनः ०१० ५६०४०७ |
| धादिङ | निलकण्ठ नगरपालिका वडा नं. ३, शान्तबजार,<br>फोनः ०१० ५२१३९६ |
| मकवानपुर | हेटौंडा उपमहानगरपालिका वडा नं. ५,सिचाईं टोल,<br>फोनः ०५७ ५२३४०३ |
| गोरखा | गोरखा न.पा. वडा नं. १, शक्तिचोक,<br>बैंक रोड, फोनः ०६४ ४२०००८ |